## अध्याय एक :
## शोधको परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

शैलीविज्ञान साहित्यिक समालोचनाको नवीनतम विधा हो । समालोचनाका फाँटमा यो नवीनतम विधा भाषावादी सिद्धान्त र पद्धतिका रूपमा देखा परेको छ । संस्कृतको 'शी' धातुमा 'लक्' प्रत्यय लागेर 'शील' शब्दको व्युत्पादन भएको र त्यही शील शब्दमा 'ई' प्रत्यय जोडिई शैली शब्दको निर्माण भएको हो (शर्मा, २०४८ : २) ।

भाषाविज्ञानले साहित्यिक भाषा वा काव्य भाषाको समेत अध्ययन गर्न थालेदेखि शैलीविज्ञानको प्रारम्भ मानिन्छ । शैलीविज्ञान अवश्य नै आधुनिक युगमा विकसित नयाँ विज्ञान शास्त्र हो, तर पूर्व पश्चिम दुवैतिर यसको पुरानै परम्परा पनि देख्न पाइन्छ । यसरी शैलीविज्ञानको प्रारम्भमा पूर्वमा भरतदेखि र पश्चिममा प्लेटोदेखि नै देखाउन सकिए तापनि यसको नयाँ दृष्टिचाँहि आधुनिक कालमा पाइएको हो (शर्मा, २०४८ : ४०) ।

शैलीविज्ञानलाई भाषाविज्ञानको एउटा महत्त्वपूर्ण अङ्ग वा शाखा मानिन्छ । यसका भाषातात्त्विक, साहित्यिक, दार्शनिक, मनोवैज्ञानिक आदि आफ्नै शाखाहरू पनि विकसित भइसकेका छन् । भाषाविज्ञान भनेको भाषाको विश्लेषण प्रस्तुत गर्ने र भाषाले कसरी कार्य गर्छ भनेर देखाउने विज्ञान हो । भाषाविज्ञानले सामान्य भाषाझैँ काव्य भाषा वा साहित्यिक भाषालाई पनि भाषाको एउटा प्रकार मानेपछि सो काव्य भाषाको विश्लेषणका निम्ति शैलीविज्ञानको उदय भएको देखिन्छ । त्यसैले शैलीविज्ञानलाई भाषाविज्ञानको शाखा ठानिएको हो (शर्मा, २०४८ : १२) ।
शैलीविज्ञान अङ्ग्रेजी भाषाको स्टाइलिस्टिक्स शब्दको समानार्थी रूप हो । शैलीविज्ञान शब्दको प्रयोग सर्वप्रथम १९ औँ शताब्दीको प्रारम्भमा जर्मनी भाषामा स्टाइलिस्टिक (क्तषष्कितष्अप) शब्दको रूपमा र पछि सन् १८७२ मा स्टाइलिस्कि (क्तथष्कितष्त्रगभ) शब्दको रूपमा फ्रेन्च भाषामा चार्ल्स बालीले गरेका हुन् । अङ्ग्रेजीमा चाहिँ सन १९८२ बाट स्टाइलिस्टिक (क्तषष्कितष्अप) शब्दको प्रयोग हुदैँ आएको पाइन्छ (शर्मा २०४८:४) । आधुनिक युगमा शैलीविज्ञानको प्रारम्भकर्ताका रूपमा भने फर्डिनान्ड डी. सस्युरलाई मानिन्छ । यसरी भाषा र साहित्यको सङ्गम स्थल तथा प्रयोगभूमिका रूपमा शैलीविज्ञानलाई लिने गरिन्छ । यसले साहित्यको वस्तुनिष्ठ र भाषा केन्द्रित अध्ययन गरी कृतिको अन्तःतहमा लुकेर रहेको अर्थगत सौन्दर्य समेतलाई प्रकटीकरण गर्ने काम गर्दछ ।

**'प्रिय सुफी'** उपन्यासकार सुबिन भट्टराईद्वारा लेखिएको एक उत्कृष्ट उपन्यास हो । यस उपन्यासमा प्रेममा आउन सक्ने बाधा तथा चुनौतीहरूको सामना आफैँले गर्नुपर्ने र अशक्त भएको बेला साथीहरूको सहयोग नपाए पनि जीवनमा हार खानु हुन्न भन्ने कुरालाई प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने कार्य यस शोधपत्रमा गरिएको छ । त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विषयको स्नातकोत्तर (एम.एड.) दोस्रो वर्षको पाठ्यांश नेपाशि (५९८) का लागि श्री जनता बहुमुखी क्याम्पसबाट 'प्रिय सुफी' उपन्यासको शैलीवैज्ञानिक ढङ्गले विश्लेषणात्मक शोधविधिको प्रयोग गरी शोधपत्र लेख्ने कार्यलाई पूर्णता दिने प्रयास गरिएको छ ।

### १.२ समस्या कथन

सुबिन भट्टराईद्वारा लेखिएको 'प्रिय सुफी' उपन्यास २०७५ सालमा प्रकासित नवीन उपन्यास हो । यसमा आधुनिक युवायुवती र दिदीबहिनी बीचमा माया र जीवनामा अरू कसैको भर नपरी बाँच्न सक्नुपर्छ भन्ने कुरा प्रस्तुत गरिएको छ । यो नयाँ उपन्यास भएकाले यसका सम्बन्धमा खासै चर्चा परिचर्चा भएको पाइँदैन । यसकारण प्रस्तुत अनुसन्धानमा यस विषयलाई रोजिएको हो ।

शिक्षाशास्त्र सङ्कायतर्फ नेपाली विषय पढ्ने पढाउने सबैले शैलीविज्ञानका सम्बन्धमा जानकारी राख्नु अनिवार्य हुन्छ । यसै गरी सैद्धान्तिक जानकारीका आधारमा नेपाली भाषामा लेखिएका साहित्यिक रचनाको विश्लेषण पनि अपेक्षित हुन्छ । '**प्रिय सुफी**' उपन्यासमा उपन्यासकारको शैलीगत विशिष्टता र निजत्त्व पाइन्छ । त्यसैले यस उपन्यासको शैलीको अध्ययनबाट मात्र सौन्दर्यको उद्घाटन हुने भएकाले प्रस्तुत शोधकार्य हुनु आवश्यक देखिन्छ । यस सन्दर्भमा यस अनुसन्धानले निम्नालिखित विषयलाई शोधसमस्या मानेको छ :

क) कथानकका आधारमा 'प्रिय सुफी' उपन्यास के-कस्तो छ ?

ख) चरित्रका आधारमा 'प्रिय सुफी' उपन्यास के-कस्तो छ ?

ग) चयन, विचलन र समानान्तरताका आधारमा 'प्रिय सुफी' उपन्यास कस्तो देखिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि कार्य सम्पन्न गर्दा निश्चित उद्देश्यमा रहेर गरिन्छ । विनाउद्देश्य कुनै कार्य सम्पन्न हुन सक्दैन । त्यसैले कुनै विषयवस्तुमा केन्द्रित भएर गरिएको अध्ययन तथा अनुसन्धानमा पनि त्यस सम्बन्धी समस्याको पहिचान गरी उद्देश्य निर्धारण गर्नुपर्छ । उक्त 'प्रिय सुफी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकको शोध पनि निम्न उद्देश्यमा केन्द्रित रहेको छ । यस शोधकार्यका उद्देश्यहरू यसप्रकार रहेका छन् :

क) फ्रेटागको पिरामिडका आधारमा 'प्रिय सुफी' उपन्यासको कथानकको विश्लेषण गर्नु,

ख) चरित्रका आधारमा 'प्रिय सुफी' उपन्यासको विश्लेषण गर्नु,

ग) चयन, विचलन र समानान्तरताका आधारमा 'प्रिय सुफी' उपन्यासको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य

शोधकार्यमा शोधार्थीले आफूले गर्न लागेको शोधको औचित्यमाथि प्रकाश पार्नुलाई नै शोधको औचित्य भनिन्छ । यो अध्ययन-अनुसन्धान नितान्त उपलब्धिमूलक र फलदायक हुन्छ । कृतिहरूको शैलीगत अध्ययन गरी वास्तविक तथ्यहरू प्राप्त गरी कृतिका भूमिकाको अध्ययन गरी निकालिएका निष्कर्षहरूले भावी दिनमा शैलीवैज्ञानिक अध्ययनका लागि महत्त्वपूर्ण भूमिका हुने कुरामा दुई मत छैन । यसैगरी यस अध्ययनबाट प्राप्त निष्कर्षहरूका अध्ययनबाट लेखकलाई भावी दिनहरूमा कृतिका कमीकमजोरी सुधार गरी परिमार्जन गर्न र नयाँ कृतिहरूको सिर्जना गर्न थप पृष्ठपोषण पुग्ने देखिन्छ । यस अध्ययनमा सुबिन भट्टराई 'प्रिय सुफी' उपन्यासका शैलीवैज्ञानिक तथ्याङ्कहरू प्रस्तुत गरिने हुँदा उक्त कृतिका बारेमा आम पाठक, शिक्षक, समालोचक, अनुसन्धानकर्ता आदि सबैलाई निकै फाइदा पुग्दछ । कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययनबाट भाषाशैली, वाक्यगठन, शब्दगठन, भाषिक चयन, विचलन एवम् समानान्तरताकधा बारेमा समेत जानकारी प्राप्त गर्न सकिन्छ । यसबाट भाषाको कलात्मक सौन्दर्य र सिर्जनात्मक अभिव्यक्ति क्षमता प्राप्त गर्न सकिन्छ ।

प्रस्तुत अध्ययन उपन्यासकार सुबिन भट्टराईद्वारा लेखिएको कृति 'प्रिय सुफी' उपन्यासको शैलीवैज्ञानिक अध्ययनबाट प्रस्तुत गरिएका निष्कर्षहरूको अध्ययनबाट पाठकवर्ग, कृतिकार, समालोचक, पाठ्यक्रम निर्माता, सम्पादक, विषय विशेषज्ञ, विद्यार्थी, अभिभावक तथा सिङ्गो समाज र देशलाई समेत फाइदा पुग्ने भएकाले यो अध्ययन औचित्यपूर्ण छ ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तत शोधकार्य पूरा गर्नका लागि निम्न परिसीमामा रही फाइन प्रिन्ट काठमाडौँबाट प्रकाशित 'प्रिय सुफी' २०७५ उपन्यासको शैलीवैज्ञानिक अध्ययन एवम् विश्लेषण गरिएको छ :

क) फ्रेटागको पिरामिडको आधारमा 'प्रिय सुफी' उपन्यासको कथानकको अध्ययनमा सीमित रहेको छ ।

ख) उक्त उपन्यासको १४ओटा पात्र/चरित्रहरूको अध्ययन एवम् वर्गीकरण लिङ्ग, कार्य, प्रवृत्ति स्वभाव, जीवनचेतना, आसन्नता र आबद्वताका आधारमा सीमित रहेको छ ।

ग) उक्त उपन्यासमा प्रयुक्त भाषिक चयन, विचलन र समानान्तरताको आधारमा मात्र विश्लेषण सीमित रहेको छ ।

## १.६ पारिभाषिक शब्द

यस शोध कार्यमा पारिभाषिक शब्दहरूको प्रयोग हुने भएका कारण ती शब्दहरूको अर्थ निम्नानुसार रहेको छ :

पुस्तकालयीय अध्ययन विधि : सम्बन्धित विषयवस्तुमा केन्द्रित भएर पुस्तकालयमा प्रत्यक्ष रूपमा उपस्थित भई गरिने अध्ययन

प्राथमिक स्रोत : अनुसन्धानकर्ता स्वयम्ले पहिलो पटक प्रयोग गरेको तथ्य वा सामग्री

द्वितीयक स्रोत : अन्य अनुसन्धानकर्ता वा कुनै निकायले पहिल्यै प्रयोग गरेको सामग्रीहरू

चयन : छान्ने काम / रोज्ने कार्य/ धेरै मध्ये कुनै एकको छनोट गर्ने कार्य

समानान्तरता : पद, पदावली वाक्यांश/वाक्य वा भावार्थको पुनरावृत्ति हुनु

विचलन : प्रचलित नियमलाई उथलपुथल पार्ने कार्य /मानक भाषाको अतिक्रमण गर्नु

अग्रभूमिनिर्माण : खास ध्वनि, पद , पदावली तथा वाक्यलाई विशेष जोड दिएर अगाडि सार्नु

शैली : भाषिक संरचना र साहित्यिक संरचनालाई जोड्ने कार्य

वस्तुपरक : बाहिरी वस्तु जगत्लाई जोड दिने कार्य

## १.७ अध्ययनको रूपरेखा

प्रस्तुत शोधकार्यलाई निम्नलिखित अध्यायमा विभाजन गरी अध्ययन अनुसन्धान गरिएको छ :

अध्याय - एक : शोध परिचय

अध्याय - दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अध्ययन

अध्याय - तीन : अध्ययन विधि तथा प्रक्रिया

अध्याय - चार : व्याख्या तथा विश्लेषण प्रक्रिया

अध्याय - पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

# अध्याय दुई :

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा

## २.१ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधमा 'प्रिय सुफी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । यससम्बन्धी प्रमुख पूर्वकार्यहरू निम्नानुसार छन् :

पन्थी (२०६३) द्वारा नेपाली शिक्षा विभाग त्रि.वि. कीर्तिपुरबाट **'बसाइँ' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको शाधकार्य गरिएको देखिन्छ । उक्त शोधकार्यमा पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरी आवश्यक व्याख्या- विश्लेषण गरिएको छ । यस अध्ययनका समस्याहरूमा (क) 'बसाइँ' उपन्यासको कथानकको विश्लेषण गर्नु, (ख) पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण र विश्लेषण गर्नु, (ग) चयन, विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गर्नु  र ती समस्याहरूको समाधान गर्नु यस शोधको उद्देश्य रहेको छ  । यस उपन्यासमा शोषित, पीडित पक्षले आफ्नो अधिकार मर्यादा र प्रतिष्ठाको रक्षा गर्ने उपाय खोजी गर्ने सम्बन्धमा सचेत रूपमा जागरुक बन्न नसकी भाग्यमा विश्वास गर्ने देखिन्छ । शोषण, दमन र उत्पीडनले कथानकलाई कारुणिक बनाएको छ भन्ने निष्कर्ष निकालेकी छिन् ।

भट्टराई (२०६७) द्वारा नेपाली शिक्षा विभाग सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङअन्तर्गत **'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको शोधकार्य गरिएको पाइन्छ । उक्त अध्ययनका समस्याहरूमा (क) कथानकका आधारमा 'प्रेतकल्प' उपन्यासको विश्लेषण गर्नु, (ख) चरित्रका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु, (ग) चयनका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु र (घ) विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु रहेका छन् तथा ती सर्मयाका समाधानलाई उद्देश्य बनाइएको पाइन्छ । उक्त अनुसन्धानमा पुस्तकालयीय विधिलाई अध्ययको मुख्य विधिका रूपमा लिएको छ । तथ्याङ्क सङ्कलनका लागि प्राथमिक र द्वितीयक स्रोतका समाग्रीहरूको प्रयोग गरिएको छ । शैलीवैज्ञानिक सिद्धान्तको अध्ययन गरी त्यसैको आधारमा 'प्रेतकल्प' उपन्यासको विश्लेषण गरिएको तथा आवश्यकता अनुसार विज्ञहरूको सुझावलाई समेत आत्मसात् गरिएको कुरा उल्लेख गरेका छन् । प्रस्तुत 'प्रेतकल्प' उपन्यास यथार्थवादको पृष्ठभूमिमा लेखिएको सामाजिक उपन्यास रहेको, राणाशासनकालीन नेपाली समाजको यथार्थ चित्रण गरिएको, जातीय भेदभाव, मूर्तिपूजा, बालविवाह र विधवा विरोधी मूल्य र मान्यताले नेपाली समाजमा पारेको नकारात्मक प्रभाव एवम् त्यसबाट उत्पन्न जटिल समस्यालाई

विषयवस्तु बनाई त्यसलाई महत्त्वका साथ हेरिएको, निरङकुश राणाशासन नेपाली जनताका लागि प्राणघातक क्यान्सर रोगजस्तै घातक भएको भन्दै अध्यायगत निष्कर्ष निकाल्दै 'प्रेतकल्प' उपन्यासमा आन्तरिक र बाह्य समानान्तरताको अत्यधिक प्रयोगले उपन्यास रोचक, आकर्षक जीवन्त र प्रभावकारी भएको निष्कर्ष निकालेका छन् (घमिरे,२०७४) ।

ढकाल (२०६८) द्वारा **'चम्पा' उपन्यासको शैलैवैज्ञानिक अध्ययन** शीर्षकको शोधकार्य भएको पाइन्छ । उक्त शोध अध्ययन पूरा गर्न पुस्तकालयीय स्रोत अपनाई विश्लेषण गरिएको छ । 'चम्पा' उपन्यासका कथानक, पात्रहरू, चयन, विचलन र समानान्तरताका आधारमा भाषिक विश्लेषणलाई समस्या बनाई ती समस्याहरूका समाधानलाई उद्देश्य मानिएको छ ॥ 'चम्पा' उपन्यासको काठमाडौं उपत्यकाको सहरी परिवेशमा कथावस्तुको पृष्ठभूमि रहेको छ । यसको मूल पात्रहरूले समाजसँग जुध्ने आँट नगरी भागेकाले पलायनमुखी प्रवृत्तिलाई प्रकाय दिइएको देखिन्छ । रेखीय ढाँचामा कथानक रहेको यो सामाजिक यथार्थवादी उपन्यासलाई उक उच्च कोटीको कृतिका रूपमा मूल्याङ्कन गरेको निष्कर्ष निकालिएको छ ।

ओली (२०७१) द्वारा नेपाली शिक्षा विभाग कनकाई बहुमुखी क्याम्पस सुरूङ्गा, झापा अन्तर्गत **'दृष्टि' उपन्यासको शैलीवैज्ञानिक** अध्ययन गरिएको पाइन्छ । उक्त अनुसन्धानका उद्देश्यहरू (क) कथावस्तु र पात्रका आधारमा 'दृष्टि' उपन्यासको विश्लेषण गर्नु, ख) चयन, विचलन र समानान्तरताका आधारमा 'दृष्टि' उपन्यासको विश्लेषण गर्नु र (ग) शैलीवैज्ञानिक पद्धतिका आधारमा प्रस्तुत कृतिको मूल्याङ्कनलाई समस्या मानी तिनीहरूका समाधानलाई उद्देश्य बनाइएको छ । उक्त शोधकार्यमा  पुस्तकालयीय विधि एवम् वर्णनात्मक विधिको प्रयोग गरिएको पाइन्छ । तथ्याङ्क सङ्कलनका निम्ति प्राथमिक स्रोतका रूपमा 'दृष्टि' उपन्यासलाई लिइएको छ भने साहित्यकारका लेख रचना र पत्रपत्रिकालाई द्वितीयक स्रोतका सामग्रीका रूपमा लिइएको छ । नेपालमा भएको दशवर्षे जनयुद्धलाई विषयवस्तु बनाइएको 'दृष्टि' उपन्यास एक सामाजिक यथार्थवादी उपन्यास रहेको , समाजको वास्तविक चित्र उतारेको, कथावस्तु रैखिक ढाँचामा प्रस्तुत गरिएको, प्रमुख पात्र बाहेक अन्य पात्रहरूको नाम वास्तविक राखिएको, तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग भएको, बाह्य र आन्तरिक समानान्तरताको  प्रयोगले उपन्यासको भाषा उत्कृष्ट बनेको निष्कर्ष 'दृष्टि' उपन्यासको अध्ययनबाट निकालिएको छ (घमिरे,२०७४) ।

अधिकारी (२०७१) द्वारा नेपाली शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी अन्तर्गत **'मलाया एक्सप्रेस' उपन्यासको शैलीवैज्ञानिक** अध्ययन गरिएको पाइन्छ । उक्त अनुसन्धानका उद्देश्यहरू क) कथानकका आधारमा 'मलाया एक्सप्रेस' उपन्यासको विश्लेषण गर्नु, ख) चरित्रका आधारमा 'मलाया एक्सप्रेस' उपन्यासको विश्लेषण गर्नु, ग) चयनका

आधारमा 'मलाया एक्सप्रेस' उपन्यासको विश्लेषण गर्नु, घ) विचलन र समानान्तरताका आधारमा उपन्यासको विश्लेषण गर्नुलाई समस्याका रूपमा लिई तिनीहरूका समाधानलाई उद्देश्यका रूपमा लिइएको छ । उक्त शोधकार्यमा पुस्तकालयीय स्रोतलाई प्रमुख विधिका रूपमा चयन गरी आवश्यक व्याख्या र विश्लेषणात्मक पद्धतिमा आधारित रहेको कुरा अध्ययनकर्ता अधिकारीले उल्लेख गरेकी छिन् । 'मलाया एक्सप्रेस' उपन्यासमा नेपाली समाजमा अहिले भइरहेको एक्सप्रेस गतिको विदेश पलायन हुने प्रवृत्ति गाँसवास र कपासका लागि ह्वारह्वार विदेशिनु, विदेशमा अनेक दु : ख पीडा भोग्नुपर्ने र कतिपय व्यक्तिहरू बन्द बाकसमा कोचिएर फर्कनु परेको विवशतालाई यस उपन्यासले देखाएकाले गर्दा शीर्षक सार्थक रहेको निष्कर्ष निकालेकी छिन् (घमिरे,२०७४) ।

भुजेल (२०७२) द्वारा नेपाली भाषाशिक्षण शिक्षा विभाग जनता बहुमुखी क्याम्पस इटहरी अन्तर्गत **'लु' उपन्यासको शैलीवैज्ञानिक** अध्ययन शीर्षकको शोधकार्य गरिएको देखिन्छ । उक्त शोधमा प्रयोजनका रूपमा 'लु' उपन्यासको विश्लेषण गर्नु, पात्रहरूको शैलीवैज्ञानिक अध्ययन गर्नु रहेको छ । नेपालको दक्षिणी तराई प्रदेशमा बसोबास गर्ने नेपालीको दुःख, पीडा र भारतीय प्रहरीको आतङ्ककारी व्यवहार र नेपाली नेताहरूको वेवस्ताका कारण त्यहाँका मानिस पीडित छन् । त्यहाँका मानिसहरूले भोग्नु परेको दुःख, कष्ट र भारतीय प्रहरीबाट भएको अमानवीय व्यवहारका कारणबाट कति पनि विचलित नभई आफ्नो मानवीयता, भाइचारा, धार्मिक सहिष्णुता जोगाउन सफल त्यहाँका बासिन्दाहरूको मानसिकताको सफल चित्र उतारिएको छ भन्ने निष्कर्ष निकालेकी छिन् ।

भुर्तेल (२०७२) द्वारा नेपाली  शिक्षा विभाग जनता बहुमुखी क्याम्पस, इटहरी अन्तर्गत **'सेतो धरती' उपन्यासको शैलीवैज्ञानिक** अध्ययन गरेको देखिन्छ । उक्त शोधपत्रको प्रयोजन उक्त उपन्यासको विश्लेषण गर्नु, फ्रेटागको पिरामिडको आधारमा उक्त उपन्यासको क) कथानकको विकासक्रमको विश्लेषण गर्नु, ग) उक्त उपन्यासको नवीन प्रयोगको विश्लेषण गर्नु, ग) उक्त उपन्यासमा रहेको भाषिक विशिष्टताको विश्लेषण गर्नु रहेका छन् । बालविधुवा जस्तो समाजको यथार्थ घट्नालाई सबै साम् प्रस्तुत गर्नु, छोरीको सानैमा विवाह गरे स्वर्गको बाटो खुल्ने, छोरा जन्मने, जन्मेका छोरा बाँच्ने जस्ता पुरानो मानसिकताले गर्दा बाल्यवस्थामा विधुवा भएर कष्ट जीवन व्यतित गर्नुपर्ने र यस्तो जघन्य अपराध कसैले पनि गर्नु हुँदै भन्ने निष्कर्ष निकालेकी छिन् ।

रेग्मी (२०७२) द्वारा नेपाली भाषा शिक्षा विभाग सुकुना बहुमुखी क्याम्पसअन्तर्गत **'विभाजित समय' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गरिएको पाइन्छ । उक्त अध्ययनको उद्देश्यहरू (क) कथानकका आधारमा 'विभाजित समय' उपन्यासको विश्लेषण गर्नु, (ख) चरित्रका

आधारमा विभाजित समय उपन्यासको विश्लेषण गर्नु, (ग) चयनका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु, (घ) विचलन र समानान्तरताका आधारमा समेत उक्त उपन्यासको विश्लेषण गर्नु रहेको छन् । उक्त अध्ययनमा पुस्ताकलयीय विधिलाई प्रमुख आधार बनाइएको पाइन्छ । प्राथमिक स्रोतका रूपमा 'विभाजित समय' उपन्यास र द्वितीयक स्रोतका रूपमा विभिन्न शोधपत्रहरू, पत्रपत्रिका तथा साहित्यकारका कृतिहरूलाई तथ्याङ्क सङ्कलनका स्रोतका रूपमा लिइएको पाइन्छ । 'विभाजित समय' उपन्यासमा समाजका जल्दाबल्दा समस्याहरूको प्रतिविम्ब उतारिएको कारण सामाजिक यथार्थवादी उपन्यासका रूपमा स्थापति भएको, मानिसले गर्ने सानो गल्ती वा असावधानीका कारण आफू लगायत सिङ्गो परिवार नै सेवा सुविधाको खोजीमा पहाडी क्षेत्रबाट तराई क्षेत्रमा 'बसाइँ' सरी जादाँ भोग्नु परेको समस्याको चित्रण गरिएको, महिलालाई पनि अवसर दिन सके पुरुष सम्मान हैसियतमा पुग्न सक्छन् भन्ने कुराको वकालत गरिएको, सामाजिक, सांस्कृतिक एवम् राजनीतिक आदि पक्षको चित्रण गरिएको, उपन्यासको कथानक वृत्ताकारीय ढाँचामा प्रस्तुत भएको साथै आन्तरिक र बाह्य समानान्तरताको समुचित विन्यासले उपन्यासको भाषा शैली सरल, सहज, आकर्षक, मिठासयुक्त र प्रभावकारी भएको निष्कर्ष 'विभाजित समय' उपन्यासको अध्ययन मार्फत निकालिएको छ (घमिरे,२०७४) ।

राहु (२०७२) द्वारा नेपाली भाषा शिक्षा त्रि.वि. कीर्तिपुरबाट **'एक्काइसौँ शताब्दीकी सुम्निमा'** उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । यस अध्ययनको उद्देश्यहरू (क) 'एक्काइसौँ शताव्दीकी सुम्निमा' उपन्यासको कथानकको विश्लेषण गर्नु, (ख) शैलीवैज्ञानिक आधारमा पात्रहरूको वर्गीकरण गर्नु र (ग) चयन, विचलन र समानान्तरताका आधारमा भाषिक विश्लेषण गर्नु रहेका छन् । उक्त शीर्षकमा शोधपत्र तयार गर्नका लागि पुस्तकालयीय विधिको उपयोग गरिएको छ । त्यसैगरी वर्णनात्मक पद्धतिको समेत प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि प्राथमिक स्रोतका रूपमा 'एक्काइसौँ शताब्दीकी सुम्निमा' उपन्यासलाई लिइएको छ भने द्वितीयक स्रोतका रूपमा शैलीविश्लेषणसँग सम्बन्धित भएर लेखिएका अप्रकाशित आलेखहरू, समालोचनात्मक लेख एवम् अनुसन्धानका सार आदिलाई लिइएको पाइन्छ । प्रस्तुत 'एक्काइसौँ शताब्दीकी सुम्निमा' उपन्यास प्रगतिवादी विचारधारलाई आत्मसात गर्दै उपन्यासकार प्रदीप नेपालद्वारा लेखिएको एक उत्कृष्ट उपन्यास भएको, पञ्चायतकालीन समयको भूमिगत राजनीतिमा सक्रिय कार्यकता भई त्यसै समयमा अन्तर्जातीय विवाह गरेर पछिल्लो समयमा राजनीतिक जीवन त्यागेर व्यावसायिक सेवामा जीवन बिताउने एक नारी पात्रको सङ्घर्षलाई उपन्यासको कथावस्तु बनाइएको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयवस्तुलाई समेटेएको यस उपन्यासमा मानिसलाई सङ्घर्षशील जीवन जीउन प्रेरित गरेको कथावस्तु रैखिक ढाँचामा प्रस्तुत भएको, उपयुक्त भाषिक चयन, उखानटुक्काको सन्दर्भानुकूल प्रयोग गरिएको, आन्तरिक र बाह्य

समानान्तरताको प्रयोगले उपन्यास उत्कृष्ट र प्रभावकारी बनेको निष्कर्ष निकालिएको छ (घमिरे,२०७४) ।

सुवेदी (२०७३) द्वारा नेपाली भाषा शिक्षा विभाग जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी अन्तर्गत **'दमिनी भीर' उपन्यासको शैलीवैज्ञानिक** अध्ययन गरिएको पाइन्छ । उक्त अनुसन्धानका उद्देश्यहरू (क) 'दमिनी भीर' उपन्यासमा चयनको अध्ययन गर्नु, (ख) 'दमिनी भीर' उपन्यासमा विचलनको अध्ययन गर्नु, (ग) 'दमिनी भीर' उपन्यास समानान्तरताको खोजी गर्नु र (घ) 'दमिनी भीर' उपन्यासमा चरित्रको विश्लेषण गर्नु रहेका छन् । उक्त शोध कार्यमा पुस्तकालयीय विधिलाई प्रमुख विधिका रूपमा चयन गर्नु तथा वर्णनात्मक विधिको समेत प्रयोग गरिएको पाइन्छ । सहायक सामग्रीका रूपमा विभिन्न शोधपत्र र पत्रपत्रिका एवम् शैलीवैज्ञानिक विश्लेषणसँग सम्बन्धित लेख रचनाको अध्ययन मार्फत उक्त शीर्षकमा शोधपत्र तयार पारिएको कुरा अध्ययनकर्ता सुवेदीले उल्लेख गरेका छन् । 'दमिनी भीर' उपन्यासमा नेपाली समाजमा रहेका जल्दाबल्दा समस्याहरूलाई प्रस्तुत गरी सांस्कृतिक र आर्थिक विभेदको अन्त्य गर्नु पर्ने एवम् सहर केन्द्रित राजनीतिक परिपाटीको चित्रण गरिएको, वि.सं.२००७ साल अघिका राजनीतिक परिवेश र १० वर्षे जनयुद्धको अन्त्य गरी माओवादी शान्ति प्रक्रियामा आएपछिको नेपाली राजनीतिमा आएको परिवर्तनको यथार्थ चित्रण गरीएको निष्कर्ष निकालिएको छ । त्यसैगरी समाजमा रहेका अन्याय अत्याचारको अन्त्य गर्नुपर्ने कुरामा जोड दिइएको, जनताले आफ्नो अधिकारका लागि सङ्घर्ष गर्नु पर्ने कुरालाई जोड दिइएको, विम्ब प्रतीकहरूको, उखानटुक्काको चयन, पर्यायवाची शब्दको चयन, निजी भाषाको चयन गरिएको एवम् आन्तरिक र बाह्य समानान्तरताको समुचित प्रयोग भएका कारण उपन्यास उत्कृष्ट बनेको निष्कर्ष निकालिएको छ ।

घिमिरे (२०७४) द्वारा **'शून्य डिग्री' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गरिएको पाइन्छ । उक्त अनुसन्धानका उद्देश्यहरू क) फ्रेटागको पिरामिडका आधारमा 'शून्य डिग्री' उपन्यासको कथानकको अध्ययन गर्नु । ख) उक्त उपन्यासको शैलीवैज्ञानिक आधारमा चरित्रको विश्लेषण गर्नु । ग) चयनका आधारमा उक्त उपन्यासको भाषिक पक्षको विश्लेषण गर्नु । घ) विचलन र समानान्तरताको आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गर्नु रहका छन् । उक्त शोध कार्यमा पुस्तकालयीय विधिलाई प्रमुख विधिका रूपमा चयन गर्नु तथा वर्णनात्मक विधिको समेत प्रयोग गरिएको पाइन्छ । प्रस्तुत 'शून्य डिग्री' उपन्यासमा रामदाइ भन्ने पात्रले आफ्नो घर परिवारको आर्थिक स्थिति सुधार गर्न गर्नु परेको सङ्घर्ष एवम् आर्थिक विपन्नताका कारण भोग्नु परेको दुःख र पीडालाई उपन्यासको कथावस्तु बनाइएको छ । त्यसैगरी बहुविवाहका करण उत्पन्न

हुने पारिवारिक समस्याका साथैं राजनीतिक तथा सामाजिक क्षेत्रमा हुने खिँचातानीको स्थितिलाई समेत कलात्मक ढङ्गले चित्रण गरिएको छ भन्ने  निष्कर्ष निकालका छन् ।

### २.२ पूर्वकार्यको उपयोगिता

अध्ययन अनुसन्धानकर्ताले अनुसन्धान गर्न लागेको विषय र शीर्षकसँग सम्बन्धित कार्यहरू त्यसभन्दा अगाडि के कस्ता खोज, अनुसन्धान र लेखन कार्य भएका छन् तिनीहरूलाई पूर्व कार्य भनिन्छ । यसरी अनुसन्धानकर्ताले आफूले गर्न लागेको अनुसन्धान कार्यलाई पूवकार्यसँग तुलना गरेको विशिष्ट मौलिक र नवीन एवम् औचित्य साबित गर्ने कार्य पूर्वकार्यको समीक्षाबाट नै हुने गर्दछ । यसका अतिरिक्त अनुसन्धानकर्ताले गर्न लागेको अनुसन्धान कार्य के कतिको नयाँ वा पुरानो हो कतिको महत्त्वपूर्ण वा महत्त्वहीन छ ? भन्ने कुराको जानकारी मिल्दछ । पूर्वकार्यको समीक्षा अनुसन्धान प्रस्तावको एउटा अत्यन्तै महत्त्वपूर्ण अङ्ग हो। त्यसैले पूर्वकार्यबाट अनुसन्धानको औचित्य र महत्त्वलाई स्थापित गर्नका लागि मद्दत गर्दछ ।

पूर्वकार्यबाट अनुसन्धानका लागि उद्देश्य, परिकल्पना अनुसन्धान पद्धतिको छनोट र पहिचानमा मद्दत पुग्ने, समस्याको वास्तविकता पहिचान गर्न सकिने, अनुसन्धेय शीर्षकको औचित्य सिद्ध गर्न, सम्बन्धित विषयमा गहन ज्ञान प्राप्त हुने अनुसन्धानको विषय छनोट बारे सुरु भएर अन्त्य सम्म नै महत्त्वका साथ रहिरहने यो अङ्गले अनुसन्धान कार्यमा पुरानो सिद्धान्त र कार्य पद्धतिको निरूपण गरेर अनुसन्ध्येय विषयमा मौलिक योगदान दिन्छ । त्यसैले अनुसन्धानलाई मौलिक विशिष्ट र नवीन बनाउनका लागि अनुसन्धानमा पूर्वकार्यको उपयोगिताको अपरिहार्यता रहन्छ ।

पूर्वकार्यको समीक्षाले समस्यालाई राम्ररी बुझ्न, विश्लेषण गर्न र शीर्षक चयन गर्न सहयोग गर्ने, प्राक्कल्पना निर्माण गर्न, अनुसन्धानका उद्देश्यहरू निर्धारण गर्न र अनुसन्धान पद्धति निर्क्योल गर्न, अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, नवीन धारणा पहिल्याउन, नँया सिद्धान्तको खोजी गर्न, सम्बन्धित विषयको गहिरो ज्ञान गर्न, अनुसन्धानलाई बैध र विश्वसनीय बनाउन, अनुसन्धान ढाँचा निर्धारण गर्न, उपयुक्त र अनुकूल उपकरणको छनोट गर्न, पहिले भएका अनुसन्धानहरूको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धान क्षेत्रहरू पत्ता लगाउन पूर्वकार्यको समीक्षा उपयोगी हुन्छ (भट्टराई २०६५ : ९५) । यस अनुसन्धान कार्यका लागि यसभन्दा अगाडिका अनुसन्धानकार्यहरूको अनुसन्धानले पूर्वकार्यको रूपमा सहयोग प्रदान गरेको छ । अतः प्रस्तुत शोधकार्यलाई निश्चित ठाउँमा पुऱ्याउन पूर्वकार्यको समीक्षालाई उपयोगमा

ल्याइएको छ । यसरी विभिन्न समयमा गरिएका विभिन्न कृतिहरूको शैलीवैज्ञानिक अध्ययनलाई आधार मानेर 'प्रिय सुफी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिने छ । पूर्वकार्यको समीक्षाबाट प्राप्त जानकारी अनुसार विभिन्न समयमा विभिन्न उपन्यासमा शैलीवैज्ञानिक अध्ययन भएको पाइयो तापनि सुबिन भट्टराईद्वारा रचना गरिएको 'प्रिय सुफी' उपन्यासमा भने हालसम्म त्यस किसिमको अध्ययन नभएको कुरा पूर्वकार्यको समीक्षाबाट प्रष्ट भएको हुँदा उक्त उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्नु उचित ठानी शोधकार्य गरिएको हो र यो नै 'प्रिय सुफी' उपन्यासको पहिलो शैलीवैज्ञानिक अध्ययन भएको छ । माथिका पूर्वकार्यहरू यस शोधपत्रको प्रारूपनिर्माण, सामग्री सङ्कलन, तालिकीकरण, व्याख्या-विश्लेषण आदिमा उपयोगी देखिएका छन् ।

## २.२ **सैद्धान्तिक आधार**

प्रस्तुत अध्ययनमा फ्रेटागको पिरामिडका आधारमा कथावस्तुको विश्लेषण गरिएको छ भने शर्मा (२०४८) का आधारमा चरित्र र शैलीको अध्ययन गरिएको छ ।

## २.३ **कथानकको विकासक्रम**

'प्रिय सुफी' उपन्यासको कथानकको विश्लेषण फ्रेटागको पिरामिडअनुसार देखाउन सकिन्छ । प्रसिद्ध जर्मन समालोचक गुस्ताभ फ्रेटागले आख्यानात्मक कृतिका संरचनाम पाइने काथनकको जुन विकासक्रम निर्धारित गरेका छन् । त्यसलाई उनकै नामबाट 'फ्रेटागको पिरामिड' भनिन्छ (शर्मा, २०४८ : १७१) । फ्रेटागले पिरामिड अनुसार कथानकको विकासलाई ५ चरणमा विभाजन गरेर अध्ययन गरिनेछ । जुन फ्रेटागको पिरामिडलाई निम्नानुसार देखाउन सकिन्छ :

**आरेख नं. १ : फ्रेटागको पिरामिड**

(शर्मा, २०४८ : १७१)

फ्रेटागको पिरामिडमा प्रस्तुत गरिएका कथानक विकासक्रमका अवस्थालाई निम्नानुसार चिनाउन सकिन्छ :

### २.३.१ चिनारी

चिनारीलाई कथानक विकासको पहिलो अवस्था मानिन्छ (शर्मा, २०४८ : १६७) । यस भागमा कृति मित्र हुने विविध उतार चढावको पूर्व सङ्केत एवम् पात्रहरूले सामना गर्नुपर्ने परिस्थितिको जानकारी पाइन्छ ।

### २.३.२ सङ्घर्ष विकास

कथानक विकासको दोस्रो अवस्थाका रूपमा सङ्घर्ष विकासलाई मानिन्छ (शर्मा, २०४८ : १६७) । यस चरणमा कृतिभित्रका घटना तथा उपघटनाहरू क्रियाशील हुँदै जान्छन् ।

### २.३.३ चरम

चरम अवस्थालाई कथानक विकासक्रमको तेस्रो अवस्थाका रूपमा लिने गरिन्छ (शर्मा, २०४८ : १६८) । यस अवस्थामा पात्रहरूबीच द्वन्द्व पैदा हुने भएकाले पात्रहरू महत्त्वपूर्ण र गम्भीर निर्णयमा पुग्दछ ।

### २.३.४ सङ्घर्षह्रास

यो कथानक विकासको चौथो अवस्था हो । यस चरणमा आइपुगेपछि छरिएको घटना प्रवाहलाई समेट्ने र सँगाल्ने गरिन्छ (शर्मा, २०४८ : १६८) ।

### २.३.५ उपसंहार

यो कथानक विकासका अन्तिम चरण हो । यस अवस्थामा आइपुगेपछि पात्रहरू बीचमा चलेका सङ्घर्षको अन्त्य हुन्छ साथै पात्रहरूका समस्याको निशाकरण हुन्छ (शर्मा, २०४८ : १६८) ।

### २.३.२. पात्र/चरित्रको वर्गीकरण एवम् विश्लेषणका आधार

चरित्रलाई उपन्यासको महत्त्वपूर्ण तत्त्व मानिन्छ । चरित्रकै कारण कथानक अगाडि बढ्छ । 'प्रिय सुफी' उपन्यासको चरित्रहरूको वर्गीकरणका आधारहरू निम्न रहेका छन् :

### २.३.२.१ लिङ्ग

उपन्यासमा प्रयोग भएका पात्र वा चरित्रहरूको प्राकृतिक वा शारीरिक जात छुट्याउने आधार लिङ्ग हो (शर्मा, २०४८ : १७४) । नायक, नायिकालाई अनुकूल पात्रका रूपमा लिइन्छ भने खलनायक, खलनायिकालाई, प्रतिकूल पात्रका रूपमा लिइन्छ ।

### २.३.२.२ कार्य

उपन्यासमा प्रयोग हुने पात्रहरूको श्रमिक अनुसार पात्रहरूलाई मुख्य, सहायक, गौण गरी वर्गीकरण गरिएको हुन्छ । उपन्यासमा सुरूदेखि अन्त्यसम्म प्रमुख भूमिका खेल्ने पात्रलाई सहायक र कम देखापर्ने बीच-बीचमा देखापर्ने र हराउने पात्रलाई गौण रूपमा चिनिन्छ (शर्मा, २०४८ : १७४) ।

### २.३.२.३ प्रवृत्ति

प्रवृत्तिका आधारमा पात्रलाई प्रतिकूल र अनुकूल गरी दुई भागमा विभाजन गरिएको पाइन्छ (शर्मा, २०४८ : १७४) । नायक, नायिकालाई अनुकूल पात्रका रूपमा लिइन्छ भने खलनायक, खलनायिकालाई प्रतिकूल पात्रका रूपमा लिइन्छ ।

### २.३.२.४ स्वभाव

स्वभावका आधारमा आख्यानात्मक कृतिका पात्रहरूलाई गतिशील र गतिहीन गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ । देश, काल, परिस्थितिअनुसार स्वभावमा परिवर्तन ल्याउने पात्र गतिशील पात्र हो भने स्वभाव, सिद्धान्त र जीवनहरूलाई परिस्थितिअनुसार परिवर्तन नल्याउने पात्रलाई पात्रलाई गतिहीन पात्रका रूपमा लिइन्छ (शर्मा, २०४८ : १७४) ।

### २.३.२.५ जीवन चेतना

व्यक्तिगत र वर्गीय गरी जीवन चेतनाका आधारमा पात्रहरूलाईँ दुई भाग विभाजन गरिएको पाइन्छ (शर्मा, २०४८ : १७५) । निश्चित सामाजिक भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्त्व गर्ने पात्रलाई वर्गीय पात्रको रूपमा लिइन्छ भने यसका विपरित सामाजिक भूमिका भन्दा नितान्त परक, निजी, स्वभाव वा वैयक्तिकताको प्रतिनिधित्त्व गर्ने पात्र व्यक्तिगत पात्र हुन् ।

### २.३.२.६ आसन्नताका आधारमा

मञ्चीय र नेपथ्य गरी आसन्नताका आधारमा पात्रहरूलाई भागमा वर्गीकरण गरिएको पाइन्छ (शर्मा, २०४८ : १७५) । प्रत्यक्ष रूपमा आफ्नो भूमिका निर्वाह गर्ने पात्र मञ्चीय पात्र हो भने कृतिमा अप्रत्यक्ष भूमिका निर्वाह गर्ने पात्रलाई नेपथ्य पात्रका रूपमा चिनिन्छ ।

### २.३.२.७ आबद्धता

आबद्धताका आधारमा उपन्यासका पात्रहरूलाई बद्ध र मुक्त गरी दुई भागमा विभाजन गरिएको पाइन्छ । कथानकसँग प्रत्यक्ष सम्बन्धित भएका आएका पात्रहरू बद्ध पात्र हुन भने प्रत्यक्ष सम्बन्ध नराख्ने पात्र मुक्त पात्र हुन् (शर्मा, २०४८ : १७५) ।

माथि उल्लिखित आधारमा 'प्रिय सुफी' उपन्यासको कथानकमा प्रयुक्त पात्र/चरित्रहरूको वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

### २.३.३ कृति विश्लेषणका शैलीवैज्ञानिक आधार

भाषिक संरचना र साहित्यिक संरचनालाई जोड्ने कार्य शैलीले गर्दछ (भण्डारी र अन्य, २०६८ : ३८) । साहित्यिक कृतिमा प्रयुक्त शैलीको शैली विश्लेषणमा भाषिक संरचना आधारभूत र साहित्यिक संरचना शीर्षकृत वा मुख्य भएर आएको हुन्छ । कृतिको सौन्दर्य निर्माणमा शैलीले महत्त्वपूर्ण भूमिका निर्माृण गर्दछ । यस अन्तर्गत निम्नलिखित तीन पक्षहरू पर्दछन् :

### २.३.३.१ विकल्पन र चयन

विकल्पको अर्थ यो वा अन्य भन्ने हुन्छ भने चयनको अर्थ छनोट हो । भाषाका विभिन्न स्तरहरू वर्ण, रूप, पदावली, शब्द, वाक्य, शैली तथा अर्थगत व्यापकताबाट आवश्यकता अनुसार खास खास एकाइको छनोट गर्नु नै चयन हो (भण्डारी र अन्य, २०६८:३६) । छन्दका विविध विकल्पहरू मध्ये कुनै एकको छनोट गर्नु, विभिन्न अलङ्कार मध्ये कुनै एकको छनोट गर्नु, विभिन्न चरित्र र परिवेश अद्धादिबाट सान्दर्भिक पक्षहरू छान्नु चयन सम्बन्धी कार्य हो ।

### २.३.३.२ अग्रभूमि निर्माण

रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन सो अंशमा विशेष बल दिनु नै अग्रभूमिका निर्माण हो (शर्मा २०४८:१०)। स्रष्टाले आफ्नो अभिव्यक्तिलाई आकर्षक बनाउनका लागि खास ध्वनि, पद, पदावली तथा वाक्यलाई विशेष जोड दिएर अगाडि राख्नु नै अग्रभूमि निर्माण हो । पश्चभूमिमा रहेको सूचनालाई अग्रभागमा ल्याई नवीनताको सिर्जना गर्नु नै अग्रभूमि निर्माणको खास प्रयोग हो । खास गरी रचनाको कुनै भागलाई विशिष्ट बनाई सौन्दर्य प्रकट गर्न यसको प्रयोग गरिन्छ ।

### २.३.३.३ समानान्तरता

भाषा प्रयोगको नियमित पुनरावृत्तिलाई समानान्तरता भनिन्छ (शर्मा २०४८:१०) । यो उद्देश्यमूलक र सार्थक हुने गर्दछ । विचलनको विपरीत उपकरणका रूपमा देखाउने समानान्तरता भनेको नियमितताको अत्यधिक परिपालना हो । समानान्तरता शब्द र धारणाका प्रथम प्रयोक्ता प्राग सम्प्रदायका भाषाविद् रोमन योकोब्सन हुन् । समानान्तरताको प्रयोग भाषाका विभिन्न स्तरहरू वर्ण, रूपमा शब्द, पदावली, वाक्य, लय तथा अर्थका रूपमा फेला पार्न सकिन्छ । समानान्तरता निम्नलिखित दुई किसिमका हुन्छन्:

#### २.३.३.३.१ बाह्य समानान्तरता

साहित्यिक कृतिको आवरण पक्ष अर्थात वर्ण, रूप, शब्द, पदावली, वाक्य, लय तथा अलङ्कारमा देखापर्ने पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ । यो ठोस, स्थूल प्रकृतिको हुन्छ ।

#### २.३.३.३.२ आन्तरिक समानान्तरता

अर्थको पुनरावृत्ति हुनुलाई आन्तरिक समानान्तरता भनिन्छ । यो भावार्थ र वाच्यार्थ गरी दुई प्रकारका हुन्छन् । भावार्थ भनेको चाहीँ भाव वा विचार पक्षको पुनरावृत्ति भन्ने बुझिन्छ भने मुख्य अर्थको पुनरावृत्ति हुनुलाई वा अभिधा शब्दशक्तिको पुनरावृत्तिलाई वाच्यार्थ समानान्तरता भनिन्छ ।

### २.३.३.४ विचलन

मानक भाषाको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ ( शर्मा : २०४८ : ११) । भाषाको प्रचलित ढाँचालाई अतिक्रमण गरी सौन्दर्य प्रदान गर्नु नै विचलन हो । यस्तो अतिक्रमण उद्देश्यमूलक र सार्थक ढङ्गको हुने गर्दछ । भाषाविद् सस्युरको लाङ र प्यारोल मध्ये प्यारोलको अवधारणसँग विचलनलाई जोडेर हेर्न सकिन्छ किनभने कृतिमा प्रयोग भएको भाषा प्यारोल हो । विचलन विभिन्न प्रकारका हुन सक्ने भए पनि खासमा निम्नलिखित सात (७) प्रकारका छन् :

**क. कोशीय विचलन**

शब्दकोशमा समावेश नभएका शब्दहरूलाई नयाँपनका साथ उपस्थित गराएर आफ्नो अभिव्यक्तिलाई मूर्त तथा प्रभावकारी बनाउनका लागि प्रस्तुत गरिने शब्दहरू कोशीय विचलन युक्त शब्द हुन् । लक्ष्मीप्रसाद देवकोटाले मान्द्रिलो, गुन्द्रिलो, रहरिलो जस्ता शब्दको प्रयोग गरेका थिए (लम्सालर अन्य, २०६७ : १०६) ।

**ख. व्याकरणिक विचलन :**

लिङ्ग, वचन, पुरूष, काल, भाव, पक्ष, वाच्य, करण, अकरण जस्ता व्याकरणात्मक कोटिहरू, पदसङ्गति, पदक्रम यसमा राखिन्छ ।

**ग. ध्वनि वा वर्णगत विचलन**

लेख्य भाषालाई कथ्य उच्चारण प्रकृतिमा ढालेर गरिने विचलनलाई यस अन्तर्गत राख्न सकिन्छ ।

**घ. लेख्य प्रक्रियागत विचलन**

शब्द लेखाइका सन्दर्भमा देखिने विचलनलाई यस अन्तर्गत राखिन्छ ।

**ङ. अर्थगत विचलन**

अर्थगत रूपमा देखापर्ने विचलनलाई यस अन्तर्गत राखिन्छ । यसमा प्रकृतिको मानकीरण र मानवको प्रकृतीकरण गरिएको हुन्छ ।

**च. भाषिक विचलन**

विभिन्न भाषिकाको प्रयोगबाट देखिने विचलन ;

**छ. प्रयुक्तिगत विचलन**

एउटा परिस्थिति वा प्रसङग अनुरूपको भनाइलाई अर्को प्रसङ्ग वा भाषिक व्यवहारमा प्रयोग गर्नुलाई प्रयुक्तिगत विचलन भन्ने गरिन्छ ।

**२.३.३.५ विविधता**

विषय र प्रयोगकर्ताका अनुसार एउटा भाषामा विभिन्न भेदहरू देखा पर्दछन् र यिनै भेदहरूलाई विविधता भनिन्छ ( शर्मा : २०४८ : ११ ) । स्रष्टाले सिर्जना गरेका कृतिहरूमा जतिसक्दो प्रभावकारी र आकर्षक बनाउन भाषा तथा अन्य विविध खालका उपकरणको प्रयोग गरेका हुन्छन् । शैलीविज्ञानले प्रयोग र प्रयुक्तिका आधारमा कृतिको विविधताको विश्लेषण गर्दछ ।

माथि चर्चा गरिएका सैद्धान्तिक आधारहरू मध्ये फ्रेटागको पिरामिड अनुसार कथानकको अध्ययन गरिएको छ भने लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतन, आसन्नता र आबद्धताका आधारमा 'शून्य डिग्री' उपन्यासको कथानकमा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक अध्ययन तथा विश्लेषण गरिएको छ । त्यसै गरी चयन, विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधकार्यको धारणात्मक संरचनालाई निम्नानुसार चित्रमा देखाइएको छ :

आरेख नं. २ :

धारणात्मक संरचना

## अध्याय - तीन :

## अध्ययनको विधि र प्रक्रिया

### ३.१ अध्ययनको संरचना

'प्रिय सुफी' उपन्यासको शैलीवैज्ञानिक आधारमा विश्लेषण गरिएको छ । उक्त उपन्यासको विश्लेषण गर्दा प्रमुख विधिका रूपमा पुस्ताकालयीय विधिको प्रयोग गरिएको छ । प्रस्तुत शोधपत्रमा सङ्कलित सामग्रीहरूको गुणका आधारमा अध्ययन गरिएको हुँदा गुणात्मक ढाँचाका साथै त्यसै सामग्रीका विशेषताका आधारमा वर्णनात्मक तथा व्याख्यात्मक विधिलाई अपनाएर अध्ययन गरिएको छ । यसै गरी पुस्तकालयमा उपलब्ध भएका शैलीविश्लेषण सम्बन्धी विभिन्न साहित्यकारका लेख रचना, समालोचनात्मक काव्यकृति, पत्रपत्रिका एवम् सम्बन्धित शीर्षकसँग मिल्दा जुल्दा शोधपत्रहरूको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ । उपन्यासभित्रका कथावस्तुलाई फ्रेटागको पिरामिडका आधारमा ५ चरणमा वर्गीकरण गरी देखाएको छ । पात्र चरित्रको शैलीवैज्ञानिक आधारमा विश्लेषण र चयन, विचलन एवम् समानान्तरताका आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिएको छ ।

### ३.२ जनसङ्ख्या

'प्रिय सुफीं' उपन्यास र त्यसमा प्रयोग भएका पात्रहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

### ३.३ नमुना छनोट

प्रस्तुत शोधकार्यको निम्ति 'प्रिय सुफीं' उपन्यासको कथानक पात्र, चयन, विचलन र समानान्तरतालाई नमुनाका रूपमा चयन गरिएको छ ।

### ३.४ उपकरण निर्माण

यस शोधकार्यमा उपकरण निर्माण गर्दा निम्न दुई स्रोतलाई आधार मानिएको छ :

#### क. प्राथमिक स्रोत

यस अनुसन्धान कार्यमा प्राथमिक स्रोतका रूपमा 'प्रिय सुफीं' उपन्यासलाई लिइएको छ ।

#### ख. द्वितीयक स्रोत

यस अनुसन्धानमा द्वितीयक स्रोतका रूपमा 'प्रिय सुफीं' उपन्यासको शैलीवैज्ञानिक विश्लेषणसँग सम्बन्धित विभिन्न साहित्यकार एवम् समालोचकका लेख रचना र समालोचनात्मक

ग्रन्थहरू, पत्रपत्रिकाहरू, सैद्धान्तिक पुस्तक, शैलीविश्लेषणसँग सम्बन्धित काव्यकृतिहरूलाई आधार मानिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन

प्रस्तुत **'प्रिय सुफी'** उपन्यास शैलीविज्ञानसँग सम्बन्धित विभिन्न सिद्धान्तमा आधारित भएर गरिने हुँदा यिनै तथ्यहरूलाई आधार मानी यो अनुसन्धान कार्यमा पुस्तकालयीय विधिलाई मुख्य आधार बनाइएको छ । पात्रहरूको शैलीवैज्ञानिक वर्गीकरणलाई प्रस्ततु गरिएको छ । कथानक र चरित्रको विश्लेषण गरिनेछ । विभिन्न लेख, रचना, समालोचकका रचना, कृति, शैलीवैज्ञानिकसँग सम्बन्धित पुस्तक सम्बन्धित विषयका विज्ञहरूसँग सल्लाह, सुझाव लिएर तथ्याङ्कको व्याख्या एवम् विश्लेषण गरिनेछ । तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

विभिन्न विधि एवम् प्रक्रियाबाट तथ्याङ्क अर्थात सूचना सङ्कलन गरिसकेपछि प्राप्त तथ्याङ्कलाई निश्चित विधि एवम् प्रक्रिया/मापदण्डमा आधारित भएर व्याख्या एवम् विश्लेषण गर्नुपर्द छ । तथ्याङ्हरूको व्याख्या र विश्लेषणबाट नै शोधकार्यको उद्देश्य अनुरूप निष्कर्षमा पुग्न सकिन्छ । यस अध्ययनमा पुस्तकालयीय विधिलाई मुख्य आधार बनाइ वर्णनात्मक पद्धतिमार्फत तथ्याङ्कको विश्लेषण र व्याख्या गरिएको छ । त्यसै गरी शैलीवैज्ञानिक सिद्धान्तलाई समेत प्रमुख आधार बनाई त्यसको अध्ययन विश्लेषण गरी त्यसैका आधारमा 'प्रिय सुफीं' उपन्यासको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ । यस उपन्यासका पात्रहरुलाई शैलीवैज्ञानिक आधारमा व्याख्या विश्लेषण गरिएको छ । उपन्यासको कथानकको विकाक्रमलाई फ्रेटागको पिरामिड ( चिनारी, सङ्घर्षविकास, चरम, सङ्घर्षह्रास र उपसंहार) का आधारमा विश्लेषण गरिएको छ । चरित्र चित्रणको शैलीवैज्ञानिक आधारहरू लिङ्ग, कार्य, प्रवृति, स्वभाव, जीवनचेतन, आबद्धता र आसन्नता रहेका छन् । उपन्यासमा प्रयुक्त भाषिक पक्षको विश्लेषण चयन, विचलन र समानान्तरताका आधारमा गरिएको छ । चयन अर्न्तगत तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक, नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियाविशेषण, निपात, संयोजक र विस्मयादिबोधक आदि शब्दहरूको चयन एवम् उखान टुक्काहरूको चयन आदिको अध्ययन र विश्लेषण गरिएको छ । यसै गरी आवश्यकताअनुसार सम्बन्धित विषयका विज्ञहरूसँग समेत सल्लाह सुझाव लिएर संरचनात्मक शैलीविज्ञानका विश्लेषणात्मक पद्धतिलाई आत्मासात् गरेर तथ्याङ्कको व्याख्या एवम् विश्लेषण गरिएको छ । तथ्याङ्कलाई तालिकामार्फत प्रस्तुत गरिएको छ ।

## अध्याय चार :

## परिणाम र छलफल

### ४.१ प्रिय सुफी उपन्यासको परिचय

यस अध्यायमा सुबिन भट्टराईद्वारा लिखित 'प्रिय सुफी' (२०७५) उपन्यासलाइ शैलीविज्ञानअनुसार कथानक र फ्रेटागका पिरामिडका आधारमा त्यसको विकासक्रम, निर्धारित सात आधारमा पात्रविधान, चयन, विचलन र समानान्तरताको अध्ययन गरिएको छ ।

### ४.२ प्रिय सुफी उपन्यासमा कथानक

### ४.२.१ प्रिय सुफी उपन्यासको कथानक

सुबिन भट्टराईद्वारा लिखित 'प्रिय सुफी' (२०७५) उपन्यासको बाह्य संरचनालाई हेर्दा मझौला आकारमा संरचित देखिन्छ । २०७५ सालमा प्रकाशित नवीन उपन्यास ३१७ + १४ पृष्ठमा संरचित छ । यस उपन्यासमा सदा भन्ने पात्रका जीवनमा घटेका घटना एवम् रोगका कारण थलिनु परेको र दिदीबहिनीबीचको माया र जीवनमा अरु कसैको भर नपरी बाँच्न सक्नुपर्छ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

उपन्यासको कथावस्तु अनुसार बिरगन्जबाट काठमाडौंका सुमो अमलेखगन्जको जङ्गलमा बिग्रिएका कारण एउटा स्कर्पियोमा काठमाडौं जाने क्रममा त्यही स्कर्पियोमा भएका यात्रुलाई सुनाउँदै यस उपन्यासको सुरुवात भएको छ । त्यस कथाकी प्रमुख पात्र सदा हो । उसका जीवनमा घटेका तीतामीठा घटनाबाट यस उपन्यासको निर्माण भएको छ । सदा त्रिचन्द्र कलेजमा माइक्रोबायोलोजीको मास्टर्स पढ्दा त्यही कलेजमा सँगै पढ्ने सहपाठी सार्थकसँगको माया अनि घरपरिवारमा दिदीबहिनीबीचको असामञ्जस्य, आफ्नी आमाको मृत्यु, त्यसपछि आफूलाई थला पार्ने रोग लागेको र रोगका कारण कलेज साथीभाइ सबै छुटेको र त्यही रोगका कारण आफ्नो प्रेम पनि असफल भएको र जिन्दगीबाट जति नै हरेस खाए पनि जिउन सक्नुपर्छ भन्ने कुरालाई र दिदीबहिनीबीचको त्यो आत्मीय सम्बन्धलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । जीवनमा जस्तोसुकै कठिन परिस्थिति आए पनि र जति नै विघ्न बाधा आए पनि जीवनबाट हार खनु हुँदैन । त्यही हारले नै मानिसलाई जिउने प्रेरणा प्रदान गरेको छ । मृत्युको चक्रमा पुगिसकेकी सदाले जीवनलाई सम्झेर जीवनबाट हरेस नखाई मैले बाँच्नुपर्छ भनेर अठोट लिएकी छे । अन्त्यमा उसको रोग निको भएर ऊ पहिलाजस्तै तन्दुरुस्त भएकी छे । प्यारो जिन्दगीलाई सास रहुन्जेलसम्म साथ दिउन्जेलसम्म जिउने बाचा गर्दै यस उपन्यासको कथानक अन्त्य हुन्छ ।

यसरी **'प्रिय सुफी'** उपन्यासमा प्रेममा आउन सक्ने बाधा तथा चुनौतीहरूको सामना आफैँले गर्नुपर्ने र अशक्त भएका बेला साथीहरूको सहयोग नपाए पनि जीवनमा हार खानु हुन्न

भन्ने कुरालाई प्रस्तुत गरिएको छ । जीवनमा केही गर्न नसके पनि मानिसले कोसिस गर्न कहिल्यै छाड्नु हुँदैन भन्ने सन्देश पनि दिएको छ ।

### ४.२.२ प्रिय सुफी उपन्यासमा कथानकको विकासक्रम

आख्यानात्मक विधाको अत्यन्त महत्त्वपूर्ण तत्त्वका रूपमा कथानकलाई लिइन्छ । कथावस्तु सिर्जनाको आधारका रूपमा कथानक आएको हुन्छ । आख्यानमा घटना तथा उपघटनाहरू चरणबद्ध रूपमा आएका हुन्छन् । उपन्यासमा कथानकको गति सिलसिलाबद्ध रूपमा समावेश गरिएको हुन्छ । विषयवस्तु आदि, मध्य र अन्त्यको शृङ्खलामा रहेको हुन्छ । आख्यानात्मक कृतिहरूमा पाइने कथानकको विकासक्रमलाई अध्ययन गर्ने शैलीवैज्ञानिक सिद्धान्तलाई फ्रेटागको पिरामिड भनिन्छ । यहाँ कथानकका सम्बन्धमा फ्रेटागको 'टेक्निकल अफ द ड्रामा' (सन् १८८३) भन्ने पुस्तकमा सूचीस्तम्भात्मक आकारमा देखाइएको कथानक विकासक्रमको अवस्थाहरूका आधारमा 'प्रिय सुफी' उपन्यासको कथानकको विश्लेषण गरिएको छ जसलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

**तालिका नं. १ :**

**फ्रेटागको पिरामिडका आधारमा प्रिय सुफी उपन्यासमा कथानकको विकासक्रम**

| कथानकको क्रम | कथानकको विकासक्रम | 'प्रिय सुफी' उपन्यासबाट प्राप्त भाषिक तथ्याङ्क | पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १. आदि भाग पहिलो उपशीर्षकदेखि बाह्रौं उपशीर्षकसम्म अर्थात् पृष्ठ ६-५० सम्म | क) चिनारी | - काठमाडौंको त्रिचन्द्र कलेजमा माइक्रोबायोलोजी मास्टर्स पहिलो सेमेस्टर पढ्ने क्रममा सहपाठीसँग एकोहोरो प्रेममा पर्नु ।<br>- उनीहरू दुई अर्थात् सदा र सार्थक दुवै एकअर्कालाई मन पर्नु, फोन नम्बर पत्ता लगाएर कफीका लागि सार्थकले समय माग्नु ।<br>- परिचयको फेर समातिसकेपछि सम्बन्धले सदा र सार्थकका बीचमा गति लिएको ।<br>- उनीहरू दुईका बीच फोनमा कुराकानी गर्नु ।<br>- सदा उनीहरू दुईका बीचको प्रेमको डोरी बाट्न चाहनु । | १५ देखि २७ सम्म |

| | | | |
|---|---|---|---|
| | | - सार्थकले प्रेम प्रस्ताव राख्नु तर त्यसलाई सदाले वास्तै नगरेजस्तै गर्नु ।<br>- सदाले प्रेम गरेको हो कि होइन भनेर परीक्षा लिने निर्णय गर्नु र त्यसमा सार्थकले जस्तोसुकै परीक्षा लिए पनि राजी हुनु ।<br>- सार्थक सदाले लिएको परीक्षा जस्तोसुकै कठिन भए पनि लिन तयार हुनु ।<br>- सदाले सार्थकलाई चुरोट छाड्न लगाउनु, सार्थकलाई भने जताबाट पनि चुरोटकै याद आउनु ।<br>- सदाले लिएको परीक्षाका लागि सार्थकले सबै कुरा त्यागेर सदालाई पाउने आशा राख्नु ।<br>- सदाले सार्थकका लागि तोकिदिएको समय पूरा भयो अन्ततः सो परीक्षा त पास गर्नु तर सदालाई त्यतिले भएन फेरि उसले अर्को परीक्षा लिने निर्णय गर्नु ।<br>- सार्थकले अब उसको तौल असी केजीबाट पचहत्तरमा झार्नुपर्ने ।<br>- सार्थकलाई जुनसुकै परीक्षा दिए पनि सजिलै पार गर्ने, प्रेममा आँधी जसरी होमिएको । | |
| | (ख) सङ्घर्ष विकास<br>(पहिलो सङ्कटावस्था) | - सदाले लिएका हरेक परीक्षा पास गर्न सार्थकलाई निकै कठिन पर्नु ।<br>- अनि सदाले जीवनमा मुखले प्रेम गर्छु भन्नेहरू कदम कदममा भेटिन्छन् तर प्रेमको कठार परीक्षा दिनु परे सबै दम तोड्ने गर्छन् भनेर भन्नु ।<br>- प्रिबोर्ड एक्जाममा क्लासभरिमा टप थ्रीमा परेर देखाऊ भनेर अर्को परीक्षा लिनु ।<br>- सदाकी एउटी बहिनी जन्मनु र बहिनीका कारणले | ४० देखि ५० |

| | | | |
|---|---|---|---|
| | | उसको माया खोसिएको ल्याउनु र बहिनीलाई इर्ष्या र घृणाको मिश्रणबाट पर्खाल तयार पार्नु । | |
| | | - सबै कुरामा सुफी आफूभन्दा अब्बल, गुनले युक्त भएको र आफूमा यस्तो केही नभएको भन्न्ने अर्को सङ्कट पैदा हुनु ।<br>- उनीहरू आठ कक्षामा पढ्दा उनीहरूकी ममी बित्नु ।<br>- ममी बितेपछि उनीहरूबीच झनै दुरी बढ्नु ।<br>- कैयौं दिनसम्म सदा, सुफी र उनीहरूका बाबाका आँसु आआफ्नै कोठामा अलग अलग बग्नु । उनीहरू तीनजना नजिक हुन नसक्नु ।<br>- सबै कुरामा जान्ने भएका कारण घरमा आएका पाहुना बाबा सबैले सुफीलाई मात्र सोध्नु र सदालाई वास्तै नगर्नु, यी सबै कुरा कुनामा बसेर सुन्ने अवस्था आउनु । | ५१ देखि ६० |
| | | - एक दिन सदाले अत्यन्तै नराम्रो सपना देख्नु ।<br>- एउटा दुवैपट्टि पर्खाल भएको साँघुरो गल्ली अनि कुकुरहरू भएको साँघुरो गल्ली अनि कुकुरहरू भुकेको आवाजले गर्दा आत्तिएर पसिनाले निथ्रुक्कै हुनु । सदा एकदमै हडबडाएर दौडनु त्यसपछि ऊ ब्युँझिनु । कस्तो दुःस्वप्न अनि उठदा उसको दाहिने घुँडामा दुख्नु ।<br>- दशपन्ध्र दिन उसले वास्तै नगर्नु, कसैलाई नभन्नु तर झन्झन् दुखेपछि सदाले सार्थकलाई फोन गरेर हस्पिटलसम्म जान साथी माग्नु ।<br>- डाक्टरले चेकजाँच गरेर औषधि दिएपछि एक हप्तामा भेट्न भन्नु ।<br>- हस्पिटलबाट निस्केर शिवपुरी जङ्गल हुँदै घर जाने | ६१ देखि ६९ सम्म |

| | | | |
|---|---|---|---|
| | | कुरा गर्नु ।<br>- त्यहाँ बसेर उनीहरूले आआफ्ना सपना बताउनु ।<br>- त्यसपछि सदालाई सार्थकलाई आफ्नो घर लैजान मन लाग्नु । | |
| २. मध्य भाग उपशीर्षक १७ देखि ६५ सम्म अर्थात् पृष्ठ ७० देखि २३८ सम्म | ग) चरम (दोस्रो सङकटावस्था देखि अन्तिम सङ्कटावस्था सम्म) | - सदाले सार्थकलाई पहिलो पटक आफ्नो घर लानु,<br>- बगैँचातिर डुलाएर सुफीसँग परिचय गराउँदै बरन्डामा गएर बस्नु,<br>- एक हप्ता यसै सकिनु तर दुखाइ जस्ताको तस्तै हुनु,<br>- सार्थकलाई घरमै लिन बोलाएर हस्पिटल जानु,<br>- डाक्टरले औषधी फेरिदिनु, उनले पनि सात दिनमा भेट्न भन्नु,<br>- सार्थकले आयुर्वेदिक डाक्टरलाई पनि देखाऔँ भनेर सदालाई आयुर्वेदिक डाक्टरकामा लिएर जानु,<br>- सार्थकले सदालाई आफ्नो घर लगेर हजुरआमा र आमालाई मिल्ने साथी भनेर परिचय दिनु,<br>- बेलुकातिर सार्थकले सदालाई उसको घरको गेटमा छाडिदिनु,<br>- दोस्रो डाक्टरले दिएको औषधीले पनि कुनै असर नगर्नु, आयुर्वेदिक औषधीले पनि दुखाइ कम नगर्नु,<br>- पहिलेभन्दा खुट्टा अलिक बढी नै खोच्याउन थाल्नु र डर लागेर बाबालाई सुनाएँदा भयङ्कर चिन्तित हुँदै पहिल्यै भन्नुपर्दैन भन्नु,<br>- अर्कोपटक फेरि बाबासँग अर्कै डाक्टरकोमा जानु, ती डाक्टरको उसलाई विश्वास लागेर सार्थकलाई फोनमा यो पटक ठीक हुन्छ भनेर भन्नु, | ७०-८० |

| | | | |
|---|---|---|---|
| | | - दिनदिनै सदाको हालत बिग्रँदै जानु,<br>- बहिनी र बाबाले पनि सदाका लागि अलिक बढी समय छुट्याउनु,<br>- डाक्टरले एक दुई दिन हस्पिटलमै बस्नुपर्छ भन्नु,<br>- हस्पिटल बसेर घर फर्केपछि सदाको स्वास्थ्यमा अलि सुधार हुनु,<br>- तीन हप्तापछि फेरि चेकअपको लागि बोलाउनु, त्यो तीन हप्ता बित्दा पनि अलिकति सुधार नहुनु,<br>- सदाको पढाइ चौपट हुनु, सार्थकसितको भेट पनि फोनमा मात्र सीमित हुनु,<br>- कलेजमा भएका र लेखाएका नोटहरू प्रत्येक दिन बेलुका सार्थकले टिपाइदिनु,<br>- एकदिन सार्थकले फोनमा कुरा गर्दा सदालाई पहिला तीन जनासँग प्रेममा परेको कुरा बताउनु,<br>- सदालाई जीवनमा सबै कुरा सुन्दर लाग्न छाड्यो एउटा कुरा सार्थकबाहेक,<br>- सार्थकले एकदिन सदाकै घरको बरन्डामा डेटिङ लानु, एकछिन भएनि सदालाई खुसी पार्नु,<br>- चेकअपको लागि हस्पिटल जाँदा डाक्टरले फेरि हस्पिटलमा बस्नुपर्ने कुरा बताउनु,<br>- पाँच दिनसम्म अस्पतालमा राखिनु, सदालाई एक एक घण्टामा भोक लाग्नु, सार्थक पनि दुई झोला खानेकुरा लिएर आउनु,<br>- पाँच दिनपछि सदा डिस्चार्ज भई उसको स्वास्थ्यमा पनि अलिक सुधार हुनु, | ८१-११५ |
| | | - सदा बिरामी भएको कुरा लामो समयसम्म पनि | ११६- |

| | | | |
|---|---|---|---|
| | | कसैलाई नसुनाउनु<br>- औषधिको डोज जसै घट्यो सदाको शरीरमा फेरि असजिलो हुन थाल्नु<br>- एकदिन फेरि सार्थक सदाको घर गयो, घरमा भाष्कर पनि थिए चिनजान गरेर निकै गफ गर्नु,<br>- सपनामा त्यो गल्ली फेरि आयो, पुरै सुनसान थियो कुकुरहरू एक्कासी भुक्न थाल्नु, ऊ झन्झन् छिटो दौडनु, तर एउटा कुकुर आएर हातमा टोक्नु | १४० सम्म |
| | | - एकदिन भाष्करकी दिदी शकुन्तला आउनु, उनी आफ्नो जीवन सजाउन भन्दा अरुको जीवनमा चिहाउन खोज्ने हुनु,<br>- शकुन्तला फुपू पच्चीस नाघेकी केटी त्यो जो सुकै होस् बुढीकन्या भइस् भन्थीन्, उनी जहिले आउँदा पनि एउटा न एउटा केटाको बारेमा कुरा लिएर आउनु,<br>- जति औषधि उपचार गरे पनि विभिन्न डाक्टर फेरि पनि दुखाइ घट्नुको सट्टा अझै बढ्दै नानु,<br>- सदा ट्वाइलेटसम्म पुग्न समेत नसक्नु, सुफीले दिदी सदाको सक्दो हेरचार र सहयोग गर्नु<br>- सफीको मन ठूलो थियो ऊ सदालाई आफ्नो दुनियाँमा अटाउन खोज्नु, सदा आफ्नी एकमात्र बहिनीलाई समेत मनमस्तिष्कबाट हटाउन खोज्नु,<br>- एकदिन सदाको मन सुफीले नै जित्नु, सदालाई यो मेरै आमा नै हो नत्र अरु कसले यति सबै गर्छ भन्ने लाग्छ,<br>- पढाइमा व्यस्त भएको सार्थक डेढ महिनापछि मात्र सदाको घर आउनु, उनी पढाइले गर्दा अबको केही समय आउन नसक्ने बताउनु,<br>- सदालाई हेर्न आउने आफन्त छिमेकी सबैले डाक्टरको | १४१-१७० |

| | | | |
|---|---|---|---|
| | | मात्र भर नपर्नु, पूजाआजा गर्नु, भनेर आफूलाई आएजति राय सबैले प्रस्तुत गर्नु,<br>- सदालाई पानीपुरी, चटपटे, मःम सिनेमा हेर्न, घुम्न कोर्सभन्दा बाहिरका किताब पढ्न लेख्न मनपर्नु,<br>- सदाले आफ्ना भावनालाई कलमले डायरीमा टिप्नु, सदालाई रोग लाग्नुले केही राम्रो भएको थियो भने त्यो सुफी र ऊ बीचको सम्बन्ध प्रगाढ बन्नु,<br>- शकुन्तला सुफीलाई केटाको प्रस्ताव लिएर आउनु,<br>- भाष्करलाई सबैले सुफीको विवाह गर्न हुन्छ भनेर भन्नु तर भाष्करलाई सुफीको विवाह गर्न पटक्कै मन नलाग्नु, | |
| | | - सुफीलाई हेर्न भनेर केटाको परिवार आउनु,<br>- दुवैतिरको एक अर्कालाई परिवार ठीक लाग्नु, आफुले सक्ने सहयोग गर्ने केटाकी आमाले बताउनु,<br>- सुफीको विवाहको निधो हुनु, उसले राम्रो घर पाउनु तर सदाले आफ्नो सामिप्यबाट भएकी एउटी बहिनीलाई गुमाउनु,<br>- विवाहको दिन आयो सबै सकेर बहिनी ज्वाँइ सदासँग बिदा माग्न जानु, सदाले ज्वाँइलाई सुफीको हात सदाका लागि सुम्पिदिनु,<br>- सुफीको बिहा भएपछि भाष्करले जिम्मेवारी निभाउनु,<br>- एकदिन सार्थकलाई खुब मिस गर्नु, फोनको स्वीच खोलेर फोन डायल गर्नु, सार्थकले फोन किन स्विच अफ गरेको भन्नु,<br>- सुफी घर आउनु अनी दिदीलाई सान्त्वना दिनु, सुफी प्रेमको सुगन्धमा मग्न थिइ, सदा रोगको दुर्गन्ध ओढेर | १७१-२०० |

| | | | |
|---|---|---|---|
| | | निस्सासिरहनु,<br>- सुफी घर जाने बेलामा दिदीलाई जिन्दगी सोचेजस्तो कसैको हुँदैन तर जिन्दगीमा सोच्नै छाड्नुचाहिँ कसैले हुन्न भनेर जानु,<br>- अस्पताल जाने दिन आएको थियो। डाक्टरले बिस्तारै ठीक हुन्छ धैर्य गर्नुपर्छ भन्नु, पहिलाका औषधिहरूलाई निरन्तरता दिनु भन्दै एउटा नयाँ औषधि थपिदिनु, पोजेटिभ फिलिङ राख्नु<br>- रोग निको हुन पचास प्रतिशत त्यसैले भूमिका खेल्छ भनेर डाक्टरले सल्लाह दिनु, | |
| | | - सुफी बसिरहेका बेला सार्थकले फोन गर्नु, र जरुरी कुरा गर्नुछ म आधा घण्टामा आउँछु भन्नु,<br>- सार्थकले सदासँग आज म एउटा परीक्षा लिन्छु, हाम्रो सम्बन्धलाई स्वीकार्न नसक्ने अवस्थामा पुगेको छु, तिमीलाई प्रेम गरिरहन असमर्थ छु तिम्रो जीवन राम्रो होस् भनेर हिन्नु,<br>- रोगग्रस्त जीवन घाँडो लाग्न थाल्यो, मान्छेले रङ फेर्न समय नलाग्ने र कुनैबेला खोच्याएको समेत मन पराउने प्रेमी आज त्यही प्रेमलाई होच्याएर जानु,<br>- सदा हरेक दिन मरेजत्तिकै पीडा लिएर बाँच्नु, न कसैको खुशी बन्न सके न कसैको मुस्कान बाँच्नु व्यर्थ हो आजको रातलाई अन्तिम बनाउँछु भन्ने विचार गर्नु,<br>- बहिनीलाई चिठी लेख्नु सानी हुँदा देखिका सबै कुरा लेखेर माफी माग्नु, बाल्यकाल देखिका सबैकुरा सम्झनु,<br>- हातभरि औषधिका चक्की लिएर यति खाँदा त पक्कै मरिन्छ भन्ने ठान्नु, त्यसैबेला सदाको दिमागमा डा. शर्माले भनेको पोजिटिभ फिलिङ्स राख्नु रोग पचास | २०१-२३८ |

| | | | |
|---|---|---|---|
| | | प्रतिशत निको हुन्छ भनेको कुरा सम्भन्नु,<br>- अनि बहिनी र बाबाले गरेको दुःख सम्भी र मर्नु हुँदैन ठीक भएपछि बाँच्ने बाटाहरू, कारणहरू धेरै भेटिन्छन् बाँच्नुपर्छ भन्ने सोचमा पुग्नु, | |
| ३. अन्य (उपशीर्षक ६६ देखि ८० सम्म अर्थात् पृष्ठ २३९ देखि अन्तिम २१७ पृष्ठसम्म) | घ) संघर्षह्रास | - सदाले नयाँ डाक्टरकोमा जाने कुरा बाबालाई भन्नु<br>- डाक्टर गुप्ताले नयँ रोगको नाम बताउनु औषधी दिनु सदा फुरुङ्गै हुनु,<br>- अहिलेबाटै अलिअलि हिँड्न सुरु गर्नु भन्नु,<br>- त्यो दिन उसले बर्थ डे मनाउने भन्नु उसलाई त्यही दिन जन्मिएको भैँ लाग्नु,<br>- सबै साथीहरू अनि बहिनीलाई बोलाएर जीवनको महत्व बताउँदै बर्थ डे मनाउनु,<br>- डाक्टर गुप्ताले सदालाई एक हप्तापछि भेट्नु भनेका थिए र सदालाई त्यो एक हप्ता जीवनकै महत्वपूर्ण हप्ता बन्नु,<br>- सातदिन पछि अस्पताल जाने दिन आउनु त्यसदिन सदाले बाबालाई स्कुटिमा जाने म हाँक्छु भन्नु,<br>- डा. गुप्ताले सबै टेस्ट गर्दा ठीकै देखिनु अनी अब ढुक्का भएर खेलकुद गर्दा हुन्छ भन्नु र मृत्युको मुखमा पुगेर फर्केको मान्छेलाई नै थाहा हुँदोरहेछ, जिन्दगीको वास्तविक स्वाद कस्तो हुन्छ भन्नु, | २३९-२६० |
| | ङ) उपसंहार | - दिनहरू बिते ऊ आफ्ना पुराना दिनहरूमा फिर्ता भई जति काम गरे पनि नपुगिरहेको जस्तो, जतिखेर पनि हिँडिरहनु जस्तो लाग्नु,<br>- डायरी वा आफ्ना मनमा भएका कुराहरूलाई लेख्नु, उसले फेरि इन्ट्रान्स दिई पढ्न थाल्नु, | २९१-३१७ |

| | | | |
|---|---|---|---|
| | | - एक दिन डायरीको अन्तिम पेज भरिनु,<br>- सुफीलाई फोन गरेर लेखेर सकियो कहिले पढ्छेस् भन्नु,<br>- सुफीले पढेपछि राम्रो छ छाप्नुपर्छ नी म छाप्ने पहल गर्छु दिदी भन्नु,<br>- सदाको लेखाइ सँच्चै गज्जबको लाग्छ अनी किताब छापिदिने कुरा बताउनु,<br>- तीन महिनापछि पुस्तक छापिएर आउनु,<br>- सदाको पुस्तक त्यो वर्षकै बेस्ट सेलर हुनु, देशभरि मन पराइनु,<br>- भाष्कर पनि छोरीको सफलता देखेर भावुक भएर मेरी मरेर बाँचेकी छोरीको मिहिनेत भन्नु,<br>- सदा खुसीले जिन्दगीलाई धन्यवाद दिँदै प्यारो जिन्दगी मेरो सास रहुन्जेलसम्म तिमीले साथ दिउन्जेलसम्म तिमीलाई जिउनेछु भन्नु,<br>- सुफीले यो सबै कथा काठमाडौं जाने क्रममा स्कर्पियोमा भएका चारजनालाई सुनाउनु, सबैले सुफीलाई धन्यवाद दिनु, | |

माथिको तालिका र त्यसको विश्लेषणबाट 'प्रिय सुफी' उपन्यासको कथानकबारे निम्नलिखित बुँदाहरू निष्कर्षका रूपमा प्राप्त हुन्छन् :

१. 'प्रिय सुफी' उपन्यासको कथानक फ्रेटागको सूचीस्तम्भ अनुसार विकसित भएको छ। यसको कथानक संरचनामा कथानक विकासमा पाँच अवस्थाहरू (चिनारी, संघर्षविकास, चरम, संघर्षह्रास र उपसंहार) क्रमबद्ध रूपमा रहेका छन्।

२. यसको कथानकको विकास सूचीस्तम्भात्मक भएकाले कथानकको क्रमिकता छ।

### ४.३ पात्र/ चरित्र

### ४.३.१ परिचय

चरित्रलाई उपन्यासको महत्त्वपूर्ण तत्त्व मानिन्छ । चरित्रकै कारण कथानक अगाडि बढ्छ । त्यसैले आख्यानात्मक कृतिमा चरित्र महत्त्वपूर्ण स्थान हुन्छ । यिनै चरित्रका क्रियाकलापले गर्दा उपन्यासले गति प्राप्त गर्दछ । उपन्यासमा मानवीय, मानवेतर र जड वस्तुसमेत पात्रका रूपमा आउने गर्दछन् ।

### ४.३.२ 'प्रिय सुफी' उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक अध्ययन

आधुनिक नेपाली उपन्यासकार सुबिन भट्टराईद्वारा लिखित 'प्रिय सुफी' बहुपात्रीय उपन्यास हो । यसमा मानवीय र मानवेत्तर दुवै पात्रको प्रयोग पाइन्छ । अहिलेका युवायुवतीबीचको प्रेम, दिदी बहिनीबीचको प्रेम र जिन्दगीमा हरेस नखाइ अघि बढ्ने प्रेरणालाई कलात्मक रूपमा चित्रण गरिएको छ । यस उपन्यासका घटना तथा पात्रहरू काल्पनिक रहेका छन् ।

प्रस्तुत 'प्रिय सुफी' उपन्यासमा सदा, सुफी, भाष्कर, सार्थक, शकुन्तला, डा. शर्मा, डा. गुप्ता, ज्वाँइ, छिमेकीहरू, अदिति, भरोसा, नियति, बुढामान्छे, ठूलाबा, ठूली आमा, बच्चु थापा, कोबिद दाइ, सरिता, चन्द्र काका, पवन दाइ, निम्मि दावा, आभा, प्रवेश दाई, प्रनिल दाई, सानीमाहरू, मामाहरू, माइजू, छिमेकी पिङ्गलादेवी शर्मा, ड्राइभर आदि पात्रको प्रयोग भएका छन् ।

यी सबै पात्रहरूले आ-आफ्नो स्थानमा रही महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । तर यस उपन्यासको कथानकीय भूमिकामा महत्वपूर्ण योगदान दिने प्रमुख र केही सहायक पात्रहरूको लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा विश्लेषण गरिएको छ ।

## तालिका नं. २:

## 'प्रिय सुफी' उपन्यासका पात्रहरूको वर्गीकरण

| क्र.सं. | पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय. | बद्ध | मुक्त |
| १. | सदा | | + | + | | | + | | + | | + | | | + | + | |
| २. | सुफी | | + | | + | . | + | | + | | + | | | + | + | |
| ३. | सार्थक | + | | | + | | + | | + | | + | | | + | + | |
| ४. | अनुकूल | + | | | + | | + | | + | | + | | | + | + | |
| ५. | शकुन्तला | | + | | | + | | + | | + | | + | | + | + | |
| ६. | डा. शर्मा | + | | | | + | + | | + | | + | | | + | + | |
| ७. | डा. गुप्ता | + | | | | + | + | | + | | + | | | + | + | |
| ८. | ऋदिति | | + | | | + | + | | + | | + | | | + | | + |
| ९. | भरोसा | | + | | | + | + | | + | | + | | + | | | + |
| १०. | पिङ्गलादेवी | | + | | | + | | + | | + | | + | | + | | + |
| ११. | ठूलाबा | + | | | | + | | + | | + | + | | + | | | + |
| १२. | ठूलीआमा | | + | | | + | | + | | + | + | | + | | | + |
| १३. | निम्मी | | + | | | + | + | | | + | + | | + | | | + |
| १४. | दावा | + | | | | + | + | | | + | + | | + | | | + |

### १. सदा

### क) स्त्रीपात्र

'प्रिय सुफी' उपन्यासका पात्रहरू मध्ये सदा लिङ्गका आधारमा स्त्री पात्र हो। भाष्करकी जेठी छोरी र सुफीकी दिदी भएकोले लिङ्गका आधारमा स्त्रीपात्र हुन्।

**ख) प्रमुख पात्र**

प्रस्तुत उपन्यासमा सबैभन्दा प्रमुख एवम् मुख्य व्यक्ति सदा हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म नै प्रत्यक्ष भूमिकामा देखापरेको सदाकै सेरोफेरोमा रहेर उपन्यास टुङ्गिएको छ । त्यसैले कार्यका आधारमा ऊ प्रमुख पात्र हो ।

**ग) अनुकूल पात्र**

उपन्यासको आरम्भदेखि नै उनी अनुकूल पात्रको रूपमा चिनिन्छिन् । सार्थकलाई कुलतबाट छुटाउन सफल हुने प्रवृत्तिका आधारमा अनुकूल पात्र हुन् भन्न सकिन्छ ।

**घ) गतिशील पात्र**

उपन्यासको सुरुमा रोगले ग्रस्त भएर मर्न लागेको अवस्थामा पनि जिन्दगीमा बाँच्नुपर्छ भनेर हार नखाइ अगाडि बढेकी थिइन् । त्यसैले उनी स्वभावका आधारमा गतिशील पात्र हुन् ।

**ङ) वर्गगत पात्र**

उपन्यासमा सदाले नारी जातिकै प्रतिनिधित्व गरेकी छिन् । त्यसैले जीवनचेतनाको दृष्टिमा उनी वगर्गत पात्र हुन् ।

**च) मञ्चीय पात्र**

उपन्यासमा प्रस्तुत भएकी सदा कथानकलाई अगाडि बढाउन अहम् भूमिका भएका कारण आसन्नताका आधारमा उनी मञ्चीय पात्र हुन् ।

**छ) बद्ध पात्र**

उपन्यासको कथावस्तु सदाकै सेरोफेरोमा सुरु भई अन्त्य पनि भएको छ । त्यसैले आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् ।

**२. सुफी**

**क) स्त्रीपात्र**

भाष्कर की छोरी तथा सदाकी बहिनी भएकीले उनी लिङ्गका आधारमा स्त्री पात्र हुन् ।

**ख) सहायक पात्र**

सुफी उपन्यासको प्रमुख पात्र सदासँगै उपन्यासको कथावस्तु अगाडि बढाउन सहयोग गर्दै उपन्यासको सुरुदेखि अन्त्यसम्म महत्वपूर्ण भूमिकामा देखा परेकी छिन् । त्यसैले उनी कार्यका आधारमा सहायक पात्र हुन् ।

**ग) अनुकूल पात्र**

उपन्यासकी सहायक पात्रका रूपमा रहेकी सुफी सहनशील एवम् कर्मठ नारी पात्रको रूपमा रहेकी छिन् । कुनै खराब कार्य नगरेकी हुँदा प्रवृत्तिका आधारमा उनी अनुकूल पात्र हुन् ।

**घ) गतिशील पात्र**

उपन्यासको सुरुदेखि अन्त्यसम्म दिदीको माया, हेरचाह, सहयोग गरेको देखिन्छ । एक उद्वार स्वभावको व्यक्तित्वको भूमिकामा देखा परेकी छिन् । त्यसैले स्वभावका आधारमा गतिशील पात्र हुन् ।

**ङ) वर्गगत पात्र**

जीवनचेतनाका आधारमा सुफी तिक्ष्ण बुद्धि, निश्छल, सहयोगी बहिनीको प्रतिनिधित्व गरेकी हुनाले उनी वगर्गत पात्र हुन् ।

**च) मञ्चीय पात्र**

उपन्यासमा सुरुदेखि अन्त्यसम्म प्रत्यक्ष भूमिकामा हुनुका साथै सदालाई साथ सहयोग गरेकी हुँदा उसलाई जीवनचेतनाका आधारमा मञ्चीय पात्र हुन् ।

**छ) बद्ध पात्र**

सुफीको उपस्थिति यस उपन्यासमा निकै महत्त्वपूर्ण रहेको छ । उसलाई उपन्यासबाट हटाउँदा उपन्यासले पूर्णता पाउन सक्दैन । त्यसैले उनी आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

**३. सार्थक**

**क) पुरुष पात्र**

सदाको कलेजको साथी अनि प्रेमी भएका कारण उनी लिङ्गका आधारमा पुरुष पात्र हुन् ।

**ख) सहायक पात्र**

कार्यका आधारमा सहायक पात्र हुन् । अत्यन्त सहयोगी, उपन्यासमा महत्वपूर्ण भूमिकामा देखा परेका छन् ।

**ग) अनुकूल पात्र**

सदालाई राम्रो कार्य गर्न लगाउने एवम् रोगबाट पीडित भए पनि सकारात्मक कार्य मात्र गर्न अगाडि बाटो देखाउने भएकोले उनी प्रवृत्तिका आधारमा अनुकूल पात्र हुन् ।

**घ) गतिशील**

सुरुमा सदालाई प्रेम गर्ने र सदा रोगका कारण १ वर्ष बिरामी भएपछि उसलाई प्रेम गर्न सक्दिन भनेर भनेकाले स्वभावका आधारमा गतिशील पात्र हुन् ।

**ङ) वर्गगत पात्र**

जीवनचेतनाका आधारमा सार्थक सोझो, शिक्षित, प्रेमी पुरुषको प्रतिनिधित्व गरेको हुनाले उनी वगर्गत पात्र हुन् ।

**च) मञ्चीय पात्र**

उपन्यासको सुरुदेखि बीचसम्म यसका प्रत्यक्ष भूमिका हुनुका साथै सदालाई सहयोग गरेको हुँदा उसलाई मञ्चीय पात्र हो भन्न सकिन्छ ।

**छ) बद्ध पात्र**

उपन्यासमा सार्थकको महत्त्वपूर्ण भूमिका भए पनि उपन्यासमा सुरुदेखि बीचसम्म आएकोले आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

**४. अनुकूल**

**क) पुरुष पात्र**

सदा र सुफीका बाबा लिङ्गका आधारमा पुरुष पात्र हुन् ।

**ख) सहायक पात्र**

उपन्यासमा बीचदेखि अन्त्यसम्म उनको भूमिका रहेका कारण उनलाई सहायक पात्रका रूपमा चिन्न सकिन्छ । सदा बिरामी हुँदा आमाले जतिकै हेरचाह र सहयोग गरेको देखिन्छ । त्यसैले कार्यका आधारमा अनुकूल 'प्रिय सुफी' उपन्यासका सहायक पात्र हुन् ।

**ग) अनुकूल पात्र**

यस उपन्यासमा भाष्करको उपस्थितिभरि कुनै पनि नकारात्मक व्यवहार देखिएको छैन । जीवनमा आइपरेका संघर्षसँग कहिल्यै पनि हारेको देखिँदैन । त्यसैले प्रवृत्तिका आधारमा उनी अनुकूल पात्र हुन् ।

**घ) गतिशील पात्र**

भाष्कर यस उपन्यासमा स्वभावका आधारमा गतिशील पात्र हुन् ।

**ङ) वर्गगत पात्र**

भाष्कर जीवन चेतनाकामा आधारमा वगर्गत पात्र हुन् । किनभने पुरुष वर्गको प्रतिनिधित्व गरेका छन् । श्रीमतीको मृत्यु भए पनि छोरीहरूको हेरचाहमा लागेर दोस्रो विवाह नगरी बसेका छन् ।

**च) मञ्चीय पात्र**

उपन्यासमा महत्त्वपूर्ण भूमिकामा साथमा प्रत्यक्ष रूपमा प्रस्तुत भएकाले उनलाई आसन्नताका आधारमा मञ्चीय पात्रका रूपमा चिन्न सकिन्छ ।

**छ) बद्ध पात्र**

यस उपन्यासमा उनको भूीमका सहायक भएकाले छछोरीलाई साथ र सहयोग गरेकाले उनलाई उपन्यासबाट हटाउँदा उपन्यासको संरचना बिग्रिने भएकाले आबद्धताको आधारमा भाष्कर बद्ध पात्र हुन् ।

**५. शकुन्तला**

**क) स्त्री पात्र**

यस उपन्यासबीच भागबाट भएको छ । उनी भाष्करकी दिदी साथै सदा र सुफीकी फुपू हुन् । त्यसैले कार्यका आधारमा नारीपात्र हुन् ।

**ख) सहायक पात्र**

कार्यका आधारमा शकुन्तला सहायक पात्र हुन् । उपन्यासमा उनको उपस्थिति कम मात्रामा भएको छ ।

**ग) प्रतिकूल पात्र**

प्रवृत्तिका आधारमा शकुन्तला प्रतिकूल पात्र हुन् । छोरीलाई २० वर्ष पुग्दै विवाह गरेर पठाइ हाल्नुपर्छ भनेर प्रत्येक पटक केटा लिएर आएकीले उनलाई प्रतिकूल पात्रका रूपमा चिनिन्छ ।

**घ) गतिहीन पात्र**

श्रीमान् खसेपनि विचलित नभएकी व्यवहारमा परिवर्तन नल्याएका कारण शकुन्तला गतिहीन पात्र हुन् ।

**ङ) व्यक्तिगत पात्र**

यस उपन्यासकी शकुन्तला सामाजिक भूमिकामा भन्दा पनि आफ्नै स्वभावमा हिँडडुल गर्ने भएकोले व्यक्तिगत पात्र हुन् ।

**च) मञ्चीय पात्र**

उपन्यासमा बेलाबेला उपस्थित भएपनि महत्त्वपूर्ण भूमिकामा देखा परेकी छिन् । त्यसैले आसन्नताका आधारमा उनी मञ्चीय पात्र हुन् ।

**छ) बद्ध पात्र**

आबद्धताका आधारमा यस उपन्यासकी सहायक पात्र शकुन्तला बद्ध पात्र हुन् ।

**६. डा. शर्मा**

**क) पुरुष पात्र**

सदालाई हस्पिटलमा उपचार गर्ने प्रथम डाक्टरका रूपमा देखापर्ने डा. शर्मा लिङ्गका आधारमा पुरुष पात्र हुन् ।

**ख) सहायक पात्र**

कार्यका आधारमा डा. शर्मा सहायक पात्र हुन् । उपन्यासमा उनको उपस्थिति कम मात्रामा भएको छ ।

**ग) अनुकूल पात्र**

उपन्यासमो सदाको उपचारका लागि हरदम लागि परेका र कुनै पनि खराब काममा संलग्न भएको देखिँदैन । त्यसैले प्रवृत्तिका आधारमा उनी अनुकूल पात्र हुन् ।

**घ) वर्गगत पात्र**

जीवन चेतनाका आधारमा डा. शर्मा वगर्गत पुरुष वर्गको प्रतिनिधित्व गरेकाले वगर्गत पात्र हुन् ।

**ङ) मञ्चीय पात्र**

उपन्यासमा डा. शर्माको उपस्थिति प्रत्यक्ष रूपमा देखिन्छ । त्यसैले आसन्नताका आधारमा मञ्चीय पात्र हुन् ।

**च) बद्ध पात्र**

आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् ।

**७. डा. गुप्ता**

**क) पुरुष पात्र**

उपन्यासमा सदाको रोग निको पार्ने डा. गुप्ता हुन् । त्यसैले लिङ्गका आधारमा पुरुष पात्र हुन् ।

**ख) सहायक पात्र**

उपन्यासको मध्य भागमा देखा परेर गति बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेकाले कार्यका आधारमा सहायक पात्र हुन् ।

**ग) अनुकूल पात्र**

उपन्यासमा सदाको रोग पत्ता लगाएर ठीक बनाएरै छाडेकाले प्रवृत्तिका आधारमा उनी अनुकूल पात्रका रूपमा देखिन्छन् ।

**घ) गतिशील पात्र**

यस उपन्यासका अर्का पात्र डा. गुप्ता गतिशील पात्र हुन् ।

**ङ) वर्गगत पात्र**

उपन्यासमा डा. गुप्ताले एउटा डाक्टरका नाताले जनतालाई मर्नबाट बचाएका र खराब प्रवृत्तिको मन नभएका पुरुष पात्रको प्रतिनिधित्व गरेकाले उनी वगर्गत पात्र हुन् ।

**च) मञ्चीय पात्र**

असल प्रवृत्ति भएका डा. गुप्ताको उपन्यासमा निकै महत्त्वपूर्ण भूमिका रहेको छ । प्रत्यक्ष संवाद सहित दृश्यात्मक अभिनयमा प्रस्तुत भएको हुँदा उनी आसन्नताका आधारमा मञ्चीय पात्र हुन् ।

**छ) बद्ध पात्र**

उपन्यासमा जीवनको उद्देश्य प्राप्तिका लागि डा. गुप्ताको महत्त्वपूर्ण भूमिका रहेको छ । उनको उपस्थिति बिना उपन्यासले आफ्नो उद्देश्य प्राप्त गर्न नसक्ने हुँदा आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् ।

**८. अदिति**

**क) स्त्रीपात्र**

सदाकी कलेज पढ्दाकी साथी भएकाले लिङ्गका आधारमा उनी स्त्री पात्र हुन् ।

**ख) सहायक पात्र**

उपन्यासमा सदा बिरामी हुँदा र कलेज पढ्दा साथीको भूमिका महत्त्वपूर्ण रूपमा निर्वाह गरेकी हुनाले कार्यका आधारमा सहायक पात्र हुन् ।

**ग) अनुकूल पात्र**

उपन्यासभरि अदितिको कथानकीय भूमिकामा खराब काममा संलग्न भएको देखिँदैन । एउटा असल साथीको भूमिका निभाएकीले प्रवृत्तिका आधारमा अनुकूल पात्र हुन् ।

**घ) गतिशील पात्र**

सदाकी साथी अदिति यस उपन्यासकी गतिशील पात्र हुन् ।

**ङ) वर्गगत पात्र**

सदालाई बाँच्नका लागि हौसला प्रदान गर्ने साथै नारी पात्रको प्रतिनिधित्त्व गरेकीले उनलाई वगर्गत पात्रका रूपमा लिइन्छ ।

**च) मञ्चीय पात्र**

उपन्यासमा ठाउँठाउँमा मात्रै अदितिको उपस्थिति भए पनि आफ्नो भूमिका बहन गरेकी छिन् । त्यसैले आसन्नताका आधारमा मञ्चीय पात्र हुन् ।

**छ) मुक्त पात्र**

उपन्यासमा अदितिको भूमिका त्यति महत्त्वपूर्ण नभएकाले उसलाई आबद्धताका आधारमा मुक्त पात्रका रूपमा लिन सकिन्छ ।

### ४.३.३ चयनका आधारमा 'प्रिय सुफी' उपन्यासको विश्लेषण

### ४.३.३.१ शब्दचयनका आधारमा 'प्रिय सुफी' उपन्यास

भाषाको न्यूनतम सार्थक एकाइ शब्द हो । यसले भाषिक अभिव्यक्तिमा महत्त्वपूर्ण भूमिका खेल्दछ । श्रष्ठा सर्जकले आफ्नो साहित्यिक रचनालाई उपयुक्त प्रभावकारी आकर्षक साथै अर्थपूर्ण बनाउनका लागि भाषामा पाइने विविध शब्दहरू मध्ये सान्दर्भिक एवम् उपयुक्त शब्द छनोट गर्दछन् । यही कार्यले गर्दा काव्य कृति रोचक र प्रभावकारी बन्दछ । यस अध्ययनमा 'प्रिय सुफी' उपन्यासमा उपन्यासकार सुबिन भट्टराईले गरेको शब्द चयन अन्तर्गत निम्न पक्षमा केन्द्रित भई विश्लेषण गरिएको छ :

**क.. तत्सम शब्द चयन**

संस्कृत स्रोतबाट जस्ताको तस्तै अर्थात् रूप नफेरिकन नेपालीमा आएका शब्दलाई तत्सम शब्द भनिन्छ । प्रस्तुत उपन्यासमा तत्सम शब्दको सार्थक प्रयोग भएको पाइन्छ । जसलाई निम्न उदाहरणबाट पुष्टि गर्न सकिन्छ :

क) सबैभन्दा खतरनाक क्षेत्रमा थियो ऊ । (पृ.३१)

ख) घरीघरी उसलाई लाग्थ्यो, चुरोट खानु उसको वंशानुगत गुण हो । (पृ.३५)

ग) तर यो सब क्षणिक थियो । (पृ.५८)

घ) परिचयको एक खुड्किलो पनि उक्लिएको होइन । (पृ.७)

ङ) लाग्थ्यो, शरीरका कुनै पनि साना ठूला जोर्नी बाँकी रहने छैनन्, नसुन्निनलाई । (पृ.१४५)

च) पूर्वतिरबाट अँध्यारो हुँदै आइरहेको थियो । (प.२५८)

माथि रेखाङ्कन गरिएका शब्दहरू उपन्यासमा प्रयुक्त तत्सम शब्दहरूका केही उदाहरणहरू हुन् ।

**ख. तद्भव शब्द चयन**

संस्कृत भाषाबाट रूप फेरिएर नेपाली भाषामा आएका शब्दलाई तद्भव शब्द प्रयोग भएका तथ्यलाई निम्न उदाहरणले स्पष्ट पार्दछ :

क) हाँस्न खोजी, हाँसो ओठसम्म उक्लिन मानेन । (पृ.११)

ख) तर उसको त्यस दिनको सुरुवात नाकबाट भयो । (पृ.३१)

ग) सुफी जन्मिँदा सदाले आफ्नो पहिलो जन्मदिन मनाएको ६ महिना मात्र भएको थियो । (पृ.५१)

घ) गुलेलीबाट छुट्ने मट्याङ्ग्रो धेरै अगाडि जानका लागि सक्दो तन्किनुपर्छ । (पृ.१८६)

माथि रेखाङ्कन गरिएका शब्दहरू संस्कृत भाषाबाट नेपालीमा आउँदा रूप परिवर्तन भएर आएका छन् ।

**ग. आगन्तुक शब्दचयन**

अन्य विभिन्न भाषाबाट नेपाली भाषामा आएका शब्दहरूलाइ आगन्तुक शब्द भनिन्छ । 'प्रिय सुफी' उपन्यासमा प्रयोग भएका आगन्तुक शब्दहरूका केही उदाहरणहरू निम्नानुसार पाइन्छन् :

क) केवल च्याट मात्र थियो । (पृ.३५)

ख) उसका कदमहरू धिमा हुँदै गए । (पृ.५२)

ग) सुफीले एकदम प्राउड फिल गराउँछे । (पृ.५०)

घ) अस्पताल जाने दिन थियो । (पृ.१२९)

ङ) मानौँ, अस्पताल नभएर सिनेमा हेर्न गइरहेकी होस् । (पृ.२८८)

माथि रेखाङ्कन गरिएका शब्दहरू आगन्तुक शब्द हुन् । यस्ता आगन्तुक शब्दको प्रयोग 'प्रिय सुफी' उपन्यासमा प्रशस्तै पाउन सकिन्छ ।

**घ. झर्रा तथा अनुकरणात्मक शब्दचयन**

अन्य स्रोतबाट नआई नेपाली भाषामा आफैँ उत्पन्न भएका तथा नेपाली परिवेशसँग मेल खाने र निश्चित अर्थ दिन सक्ने सामर्थ्य भएका शब्दहरूलाई झर्रा शब्द भनिन्छ । कुनै आवाज, घटना, प्राकृतिक रूपबाट उत्पन्न ध्वनिलाई नक्कल गरी शब्दमा उतारिएको भाषिक तहलाई अनुकरणात्मक शब्द भनिन्छ ।

'प्रिय सुफी' उपन्यासमा झर्रा तथा अनुकरणात्मक शब्दहरूको प्रशस्त प्रयोग गरिएको छ । जसलाई निम्नानुसार देखाइएको छ :

क) भरोसाले घुटुक्क पानी निल्दै भनी । (पृ.१०)

ख) दुवै जना मुसुमुसु हाँसिरहेका थिए । (पृ.१४)

ग) सुफीकै अँगालोमा भुसुक्क निदाएको सदा आफैँलाई पत्तै भएनछ । (पृ.१५५)

घ)	उसका आँखा ठ्याक्क एउटा वाक्यमा अडिए । (पृ.२९४)

ङ)	ऊ सार्थकको अझ नजिक गएर मुसुक्क हाँसी । (पृ.३०७)

माथि रेखाङ्कन गरिएका शब्दहरू 'प्रिय सुफी' उपन्यासमा प्रयुक्त झर्रा तथा अनुकरणात्मक शब्दका केही उदाहरण हुन् । यस्ता झर्रा तथा अनुकरणात्मक शब्द उपन्यासमा पर्याप्त पाइन्छन् ।

**४.३.३.२ कार्यका आधारमा शब्द चयन**

**क. नामको चयन**

वस्तु, व्यक्ति, ठाउँ, पदार्थ, भाव आदिलाइ जनाउन प्रयोग गरिने शब्दलाई नाम भनिन्छ । प्रस्तुत 'प्रिय सुफी' उपन्यासमा प्रयुक्त केही नामपदका उदाहरण निम्नानुसार छन् :

क)	वैशाखका गर्मिला दिनहरू । (पृ.११)

ख)	बाबाको काखबाट पर हट्न मनै थिएन । (पृ.५१)

ग)	साथीहरू घर आएको दिन सदाको घुँडा धेरै दुखेन । (पृ.९५)

घ)	पाँच दिनसम्म सदालाई अस्पतालमा राखियो । (पृ.१११)

ङ)	छेउमा भएको उसको मोबाइल बज्यो । (पृ.२०४)

च)	गेटनेर पुगेपछि ट्याक्सी रोकियो । (पृ.२४८)

छ)	उसले किताब सुम्सुम्याई । (पृ.३०४)

माथि रेखाङ्कन गरिएका शब्दहरू नाम शब्द हुन् । त्यस्ता विभिन्न नाम शब्दको समुचित प्रयोगले उपन्यासको कथानक सरल र प्रभावकारी बन्न पुगेको छ ।

**ख. सर्वनाम चयन**

नाम, पदावली वा वाक्यको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ । 'प्रिय सुफी' उपन्यासमा प्रयोग भएका सर्वनाम पदहरूका केही उदाहरण निम्नानुसार देखाइएको छ :

क)	म झोला लिएर आऊँ ? (पृ.२)

ख)	दुखाइलाई उसले लामखुट्टेझैँ ठानिरहेकी थिई । (पृ.७९)

ग)	हरेक एकएक घण्टामा उसलाई भोक लाग्न थाल्यो । (पृ.१००)

घ)	उनी आएको सदालाई मन पर्‍यो । (पृ.१५८)

ङ)	उनले पुराना रिर्पोट र फाइल जम्मै अध्ययन गरे । (पृ.२४१)

च)	त्यो पनि भनिराख्नुपर्छ ? (पृ.३०३)

माथि रेखाङ्कन गरिएका सर्वनाम पदहरूले 'प्रिय सुफी' उपन्यासका नामपदहरू दोहोरिएर आउने श्रद्धापनलाई हटाएर भाषिक मधुरता र आकर्षण थप्ने काम गरेको देखिन्छ ।

**ग. विशेषणको चयन**

नामको गुण, दोष, मात्रा, अवस्था आदि विशेषता बुझाउने शब्दलाई विशेषज्ञ भनिन्छ । 'प्रिय सुफी' उपन्यासमा प्रयोग भएका केही विशेषण शब्दको उदाहरणहरू निम्नानुसार छन् :

क)	बसन्तको पात जस्तो कलिलो र फक्रिएको गुलाब जस्तो हसिलो अनुहार । (पृ.६)

ख)	कालो जिन्स कालो टिसर्ट अनि कालो चस्मा लगाएको मस्कुलर मानिस थियो । (पृ.६६)

ग)	अनि त्यहाँ नजिकै थियो, एउटा ठूलो औषधि पसल अनि त्यहाँ लागेको भिड । (पृ.११३)

घ)	उसलाई आफ्ना सुन्निएका हातखुट्टाका जोर्नीहरू देखेर घीन लाग्थ्यो । (पृ.१८०)

ङ)	काठको सानो दराज । (पृ.२३२)

च)	उसित पुरानो रिस अब बाँकी थिएन । (पृ.३०७)

**घ. क्रियापदको चयन**

वाक्यमा कर्ताले गरेको कुनै काम वा कार्यव्यापार घटना वा अवस्था आदिलाई बुझाउने शब्दलाई क्रियापद भनिन्छ । प्रस्तुत 'प्रिय सुफी' उपन्यासमा प्रयुक्त केही क्रियापदहरूको उदाहरण निम्नानुसार छन् :

क)	बैगुनीलाई गुनैले मारेर सिध्याउने मेरो बानी छ । (पृ.१५)

ख)	तर केही ठीक भएन । (पृ.८१)

ग)	सुफीको बिहाको निधो भयो । (पृ.१७३)

घ)	नमने एउटै मात्र कारण थियो । (पृ.२१९)

ङ)	सदाको पुस्तक बेस्टसेलर भयो । (पृ.३०५)

**ङ. क्रियाविशेषणको चयन**

क्रियापद, विशेषण तथा क्रिया विशेषणको विशेषता बुझाउन प्रयोग गरिने अव्यय शब्दलाई क्रियाविशेषण भनिन्छ । 'प्रिय सुफी' उपन्यासमा प्रयुक्त केही क्रियाविशेषणहरूको उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ :

क) भरोसाले घुटुक्क पानी निल्दै भनी । (पृ.१०)

ख) तीन महिना हो बढीमा बुढाले हाँसीहाँसी भने । (पृ.११५)

ग) जुरुक्क उठेर किचनतिर जान लागेको सार्थक फर्क्यो । (पृ.१३६)

घ) घरीघरी उड्न खोज्ने त्यो चरालाई आफ्नै पखेटा टाढा लाग्यो । (पृ.१७९)

ङ) बाबा र सुफी एकआपसको काँधमा टाउको राखेर घुँक्कघुँक्क रोइरहेका छन् । (पृ.२२०)

माथि रेखाङ्कन गरिएका शब्दहरू क्रियाविशेषण जनाउने शब्दहरू हुन् ।

**च. नामयोगीको चयन**

नामिक पद (नाम, सर्वनाम, विशेषण) सँग जोडिई आउने र आफ्नो स्वतन्त्र अर्थ पनि नहुने एवम् एकल रूपमा प्रयोगमा नआउने अव्यय पदलाई नामयोगी भनिन्छ । यस उपन्यासमा प्रयोग भएका केही नामिक पदका उदाहरणहरू निम्नानुसार छन् ।

क) महिना दिन बितिसक्दा जोसँग एक पटक पनि बोलेकी होइन । (पृ.७)

ख) सदा लाइन बसेका मान्छेहरूभन्दा वरको एउटा कुर्सीमा गएर बसी । (पृ.६३)

ग) सदाले किताबबाट टाउको मोडेर सुफीलाई तीखो नजरले हेरी । (पृ.१२९)

घ) यहाँ मान्छेहरूले रङ देखाएको हेर्न होली पर्खनु नै नपर्ने भो । (पृ.२११)

ङ) ऊसँग भेटे पनि माफी माग्थी होला । (पृ.२८७)

**छ. निपातको चयन**

आफ्नो स्वतन्त्र अर्थ नभएका तर वाक्यमा प्रयुक्त भई भनाइमा जोड दिने, अर्थमा मिठास ल्याउने अव्यय शब्दलाई निपात भनिन्छ । प्रस्तुत 'प्रिय सुफी' उपन्यासमा प्रयुक्त केही निपात शब्दका उदाहरण निम्नानुसार छन् :

क) एउटा स्कर्पियो आउँदै छ, परवानीपुरतिर पुग्यो रे । (पृ.२)

ख) यहाँ बसुन्जेल नर्सहरूले नै दिइहाल्छन् औषधि । (पृ.८३)

ग) दिसाभन्दा धेरै त दशा लागेको थियो । (पृ.१४७)

घ) गुलाबी कुर्ता उसैको शरीरका लागि बनेको झैँ टिमिक्क मिलेको थियो । (पृ.१८५)

ङ) साथै भनेका थोरै साथ र धेरै त याद हुन् । (पृ.२८२)

**ज. संयोजक शब्दको चयन**

शब्द, पदावली, वाक्यांश वा वाक्यलाई जोड्ने अव्यय पदलाई संयोजक भनिन्छ । प्रस्तुत 'प्रिय सुफी' उपन्यासमा प्रयुक्त केही संयोजकका उदाहरणहरू निम्नानुसार छन् :

क) सार्थकले एउटा लामो सास फाल्यो र सोध्यो । (पृ.१२)

ख) तर यो सब क्षणिक थियो । (पृ.५८)

ग) चिन्ताले गर्दा निदाउन पनि गाह्रो पऱ्यो । (पृ.११९)

घ) सदालाई एक अन्तिम परीक्षा लिन्छु भनेर परीक्षा लियो । (पृ.२१३)

ङ) उसले भनी यो उपहार तिमीलाई । (पृ.३१६)

**झ. विस्मयादिबोधक पदको चयन**

विभिन्न अवस्था, घटना वा परिवेश अनुसार मानव मनमा उत्पन्न हुने हर्ष, विस्मात्, दुःख आदि प्रकट गर्न प्रयोग गरिने अव्यय पदलाई विस्मयादिबोधक भनिन्छ । प्रस्तुत 'प्रिय सुफी' उपन्यासमा प्रयुक्त केही विस्मयादिबोधक शब्दहरूको उदाहरणहरू निम्नासार छन् :

क) जरुरी छैन हरेक परिचितले ! भनून् । (पृ.७६)

ख) ऊ सबै प्रेमका लागि त्यसरी बद्लिने मानिस एक दिन प्रेमकै धर्म पनि बदल्न सक्छ कठै । (पृ.२०९)

**ट. उखानटुक्काको प्रयोग**

लोकजीवनमा चलेका सारपूर्ण कथन वा उक्तिलाई उखान भनिन्छ । उखानलाई उपदेश वा शिक्षाका रूपमा सूत्रबद्ध भएर प्रचलित लोकका गहकिला उक्तिका रूपमा पनि परिभाषिक गरिएको पाइन्छ । यस 'प्रिय सुफी' उपन्यासमा प्रयोग भएका केही उखानटुक्काका उदाहरणहरू निम्नानुसार छन् :

क) यस उपन्यासमा उखानटुक्काको प्रयोग पाइएको छैन ।

**४.३.३.३ विचलनका आधारमा 'प्रिय सुफी' उपन्यासको विश्लेषण**

सामान्य भाषामा प्रयुक्त हुने सामान्य भाषिक नियमको अतिक्रमण अर्थात् मानवेतर प्रयोगलाई विचलन भनिन्छ (शर्मा, २०४८ : २७) । भाषाको प्रचलित ढाँचालाई अतिक्रमण गरी सौन्दर्य प्रदान गर्नु नै विचलन हो ।

'प्रिय सुफी' उपन्यासमा प्राप्त केही विचलनहरू निम्नलिखित किसिमका छन् :

**क. कोशीय विचलन**

शब्दकोषमा समावेश नभएका शब्दहरूलाई नयाँपनका साथ प्रयोग गर्नु कोशीय विचलन हो । 'प्रिय सुफी' उपन्यासमा प्राप्त कोशीय विचलन निम्नलिखित छन् :

क) सदाका खाली पन्ना जस्तै बैँसमा सुन्दर हरफहरू आएर भरिए । (पृ.५१)

ख) सदाले आफूलाई रुचाउन्न भन्ने जानेर सुफीले उसको एकान्तमा कुनै कथा पारिन् । ( पृ.६०)

ग) "बुढीकन्या भइस्" भनेर मुखेन्जी भनिदिन्थिन् । (पृ.१४१)

घ) सार्थकले कमसेकम उसले फोन स्विच अफ गरेको कुराको हेक्का राखेको रै'छ । (पृ.१८१)

ङ) तेरो जस्तो मन र हिम्मत मेरो भइदिएको भए अहिले यो कदम उठाउन पर्थेन मलाई । ( पृ.२२४)

**ख. व्याकरणिक विचलन**

लिङ्ग, वचन, पुरुष, पदक्रम आदिमा देखिने विचलनलाई व्याकरणिक विचलन भनिन्छ । 'प्रिय सुफी' उपन्यासमा रहेका व्याकरणिक विचलनका केही उदाहरणहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क) त्यस्तो अप्रिय के भो र सर ? (पृ ४)

ख) म त यसै स्पष्ट उसै स्पष्ट सार्थकले भन्यो, तिमीलाई स्पष्ट पार्छु, सुन । (पृ. ६८)

ग) ल कङ्ग्रयाट्स् दिदी सुफीले चिच्याउँदै भनी । (पृ. ३०) ।

**ग. ध्वनिप्रक्रियात्मक विचलन**

प्रत्येक भाषाको आआफ्नो ध्वन्यात्मक प्रक्रिया रहेको पाइन्छ । भाषिक उच्चारणका क्रममा देखापर्ने विचलनलाई ध्वनिप्रक्रियात्मक विचलन भनिन्छ । प्रस्तुत प्रिय सुफी उपन्यासमा पनि मानक रूपमा भन्दा भिन्न विचलनयुक्त ध्वनिहरूको प्रयोग पर्याप्त मात्रामा पाइन्छ भन्ने तथा निम्न उदाहरणबाट पुष्टि हुन्छ :

क) सदाले आफूलाई रुचाउन्न भन्ने जानेर सुफीले उसको एकान्तमा कुनै बाधा पारिन (पृ. ६०) ।

ख) दश मिनेट भा'थेन उताबाट उसले बोकेर ल्याएका प्यासेन्जर ढिलो भो भनेर कराउन थाले ।

**घ. अर्थतात्विक विचलन**

अर्थ तहमा देखिने विचलनलाई अर्थतात्विक वा आर्थी विचलन भनिन्छ । यसमा प्रकृतिको मनकीकरण र मानवको प्रतिकीकरण गरिएको हुन्छ । प्रस्तुत प्रिय सुफी उपन्यासमा प्रयोग भएका अर्थतात्त्विक विचलनका केही उदाहरणहरू निम्न छन् :

क) ऊ प्रेमको डोरी यस्ता बाट्न चाहन्थी, जो सितिमिति नचुँडिने होस् । (पृ. २६)

ख) तरकारी भकभक उम्लिएको पनि सङ्गीत जस्तो लाग्यो । (पृ. ९७) ।

ग) सिरानी जतिसुकै नरम लगाऊँ, बिझाउनु छ भने सपनाले पनि बिझाउँछ यहाँ । (पृ. १६०)

घ) सुफीको यो कुराले सदालाई च्वास्स बिभ्यो । (पृ. २६८) ।

**४.३.३.४ समानान्तरताका अधारमा 'प्रिय सुफी' उपन्यासको विश्लेषण**

भाषा प्रयोगको नियमित पुनरावृत्तिलाई समानान्तरता भन्दछन् (शर्मा, २०४८:१०) । विचलनको विपरीत देखापर्ने उपकरण समानान्तरता हो किनभने विचलन अनियमिता हो भने समानान्तरता चाहिँ अतिरिक्त नियमितता हो । समानान्तरता दुई प्रकारको हुन्छन्, जुन निम्नअनुसार रहेका छन् :

**४.३.३.४.१ बाह्य समानान्तरता**

प्रस्तुत प्रिय सुफी उपन्यासमा प्रयुक्त बाह्य समानान्तरताका केही उदाहरणहरू निम्नअनुसार छन् :

क) कुमसम्म लत्रने हलुका घुँघ्रिएको कैलो कपाल । (पृ. ६)

ख) यस पटक दुई ओटा इतिहास रचिनेछन्, उसले आफ्नै मनलाई फेरि भन्दो, एउटा इतिहास नदोहोरिने इतिहास । (पृ. ४१)

ग) उसै गरी केही बुझेजस्तो, केही नबुझेजस्तो, केही बुझ्नै नचाहेर, केही नबुझे पनि बुझेको स्वङ गरेर । (पृ. ८०)

घ) जिन्दगी केही नलिएर रित्तो हात आऊ, तिमीसित हर हिसाबको सम्बन्ध राख्नेछु । (पृ. ३१२)

### ४.३.३.४.२ आन्तरिक समानान्तरता

प्रस्तुत प्रिय सुफी उपन्यासमा प्रङोग भएका केही आन्तरिक समानान्तरतायुक्त वाक्यहरूको उदाहरण निम्नअनुसार प्रस्तुत गरिएको छ :

क) एउटा खुट्टा पनि नहल्याई ऊ जहाँ उभिएकी थिई, त्यहीँ भिइरही । (पृ. २)

ख) यो प्रश्नको जवाफ दिन भने महिलाले उचित् मानिनन् उसको अनुहारमा नहेरेर बेवास्ता गर्दिरहिन् । (पृ. ३)

ग) केटो कसैसित आँखा जुधाउन नसक्ने भएको थियो । प्रायः भुइँतिर हेर्थ्यो वा माथि आकाशतिर हेर्थ्यो । (पृ( ५)

घ) ऊ कुनै नदी हो जसमा सुन्दरता पानी जस्तै छ । (पृ. ६)

प्रस्तुत प्रिय सुफी उपन्यासमा आन्तरिक र बाह्य समानान्तरताको सुमुचित प्रयोगले भाषालाई सुन्दर र कलात्मक बनाएको छ। वाक्य प्रयोगका सम्बन्धमा समान शब्द तथा पदावलीको पुनरावृत्ति भई अनुप्रासयुक्त वाक्यहरू प्रयोग भएको पाइन्छ। यस उपन्यासको भाषा आन्तरिक र बाह्य समानान्तरताका कारण जीवन्त, सार्थक र प्रभावकारी भएको पाइन्छ ।

### ४.४ छलफल/व्याख्या

प्रिय सुफी उपन्यासको कथानक आदि, मध्य र अन्त्यको शृङ्खला मिलेका कारण फ्रेटागको पिरामिडका आधारमा विश्लेषण गरिएको छ। तसर्थ उपन्यासको कथावस्तु रैखिक ढाँचामा प्रस्तुत भएको छ। यस उपन्यासमा सङ्ख्यात्मक रूपमा पात्रहरू बढी भए तापनि कथानकलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पात्रहरुको सङ्ख्या भने सीमित रहेको छ। यस उपन्यासमा प्रमुख पात्रका रूपमा सदा र सुफी छन् भने सहायक पात्रका रूपमा सार्थक, भाष्कर, शकुन्तला, डा. शर्मा, डा. गुप्ता, अदिति, भरोसा, निमी, दावा, पिङ्गलादेवी, ठूलाबा, ठूलीआमा रहेका छन् । गौण पात्रको भूमिका यस उपन्यासमा कमै मात्रामा रहेको देखिन्छ ।

यस प्रिय सुफी उपन्यासमा राष्ट्रिय परिवेशलाई समेटिएको पाइन्छ। जीवनमा जतिसुकै सामना गर्न किन नपरोस् तर जीवनबाट हार्नु हुन्न भन्ने पक्षलाई चित्रण गरिएको छ। प्रस्तुत उपन्यासमा तत्सम, तद्भव, आगन्तुक, झर्रा एवम् अनुकरणात्मक, नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियाविशेषण, संयोजक, निपात एवम् विस्मयादिबोधक जस्ता शब्दहरूको चयनले भाषा सरल, सहज र उत्कृष्ट बन्न पुगेको छ। तुलनात्मक रूपमा तद्भव शब्दको प्रयोग बढी मात्रामा भएको पाइन्छ भने आगन्तुक शब्द अन्तर्गत पनि अङ्ग्रेजी भाषाका शब्द बढी मात्रामा प्रयोग भएको पाइन्छ। यस उपन्यासमा भाषिक विचलन बढी मात्रामा भएको पाइन्छ। त्यसैगरी आन्तरिक र बाह्य समाान्तरताको समुचित प्रयोगले गर्दा उपन्यासको भाषा सार्थक बन्न पुगेको छ ।

# अध्याय पाँच :

# निष्कर्ष, सुझाव तथा उपयोगिता

## ५.१ सारांश

यस शोधपत्रमा नेपाली साहित्य जगतमा सुपरिचित उपन्यासकार सुबिन भट्टराईद्वारा लिखीत प्रिय सुफी २०७५ उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षक रहेको छ ।

शैलीविज्ञन साहित्यिक समालोचनाको नवीनतम् विधा वा प्रकार हो । समालोचनाका फाँटमा यो नवीनतम विधा भाषावादी सिद्धान्त र पद्धतिका रूपमा देखा परेको छ । यसको व्युत्पत्ति 'शील' धातुमा 'ई' प्रत्यय लागेर निर्माण भएको शैली शब्दले ढङ्ग, ढाँचा, रीति, वृत्ति, मार्ग आदि अर्थलाई बुझाउँछ । त्यसैले शाब्दिक अर्थमा अभिव्यक्तिको तरिकालाई शैली भनिन्छ ।

विषयवस्तु, परिवेश, प्रयोजन, व्यक्ति आदि अनुकूलको भाषा वा भाव अभिव्यक्ति गर्ने ढाँचा वा पद्धति नै शैली हो । शैलीविज्ञान प्रायोगिक भाषाविज्ञानका शाखाहरूमध्ये एउटा महत्वपूर्ण शाखा हो । यसले भाषा र साहित्यसँग निकट रहेर अध्ययन गर्दछ । आधुनिक भाषाविज्ञानको जन्म भएपछि नै शैलीविज्ञानको जन्म भएको हो । यसले साहित्यिक कृतिको भाषिक सौन्दर्यको यथार्थ मूल्याङ्कन गर्दछ। कृति विश्लेषण र शाब्दिक संरचनालाई अध्ययनको केन्द्र बनाउनु मुख्य पहिचान हो ।

प्रस्तुत शोधकार्य पूर्व कविता पन्थी (२०६३)द्वारा बसाइँ उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । त्यसैगरी शिवप्रसाद ढकाल (२०६८) द्वारा चम्पा उपन्यासको शैलीवैज्ञानिक अध्ययन, राधिका ओली (२०७१) द्वारा दृष्टि उपन्यासको शैलीवैज्ञानिक अध्ययन, नानीमैया अधिकारी ( २०७१) द्वारा मलाया एक्सप्रेस उपन्यासको शैलीवैज्ञानिक अध्ययन, ममता भुजेल (२०७२) द्वारा सेतो धरती उपन्यासको शैलीवैज्ञानिक अध्ययन, ऋषिराज रेग्मी (२०७२३) द्वारा विभाजित समय उपन्यासको शैलीवैज्ञानिक अध्ययन, कल्पना राहु (२०७३) द्वारा एक्काइसौं शताब्दीकी सुम्निमा उपन्यासको शैलीवैज्ञानिक अध्ययन, लोकेन्द्र सुवेदी (२०७३) द्वारा दामिनी भीर उपन्यासको शैलीवैज्ञानिक अध्ययन साथै निकेस घिमिर्रे (२०७४) द्वारा शून्य डिग्री उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ ।

शैलीविज्ञानका सैद्धान्तिक आधारमा केन्द्रित भई मूलतः कथानकको विशेषण, कथानकको विकासक्रम फ्रेटागको पिरामिड अनुसार पाँचवटा आधारमा विभाजन गरी देखाइएको छ । पात्र तथा चरित्रको वर्गीकरण लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, आसन्नता, जीवनचेतना र आबद्धताका आधारमा प्रमुख तथा सहायक पात्रको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ ।

चर्चित उपन्यासकार सुबिन भट्टराईद्वारा रचित प्रिय सुफी उपन्यास २०७५ सालमा प्रकाशित भएको एक उत्कृष्ट कृति हो । उपन्यासको कथावस्तु अनुसार काठमाडौं त्रिचन्द्र कलेजमा भेट भएका सदा र सार्थकबीचको प्रेम कहानी साथै दिदी बहिनीबीचको मायालाई लेखकले प्रस्तुत गर्ने जमर्को गरेका छन् । यस दिदी बहिनीको माया जीवनमा भोग्नुपरेको कठिन परिस्थितिको सामना गर्दै जिन्दगी केही गर्नुपर्छ भनेर जीवनबाट हार नखाई अघि बढ्नुपर्ने जस्ता पक्षलाई समेत प्रस्तुत गरिएको छ । यस उपन्यासमा असक्तता भएका व्यक्तिहरूलाई समाजले हेर्ने दृष्टिकोणको यथार्थ चित्रण गरिएको छ । लत्यसैगरी घुँडा दुख्ने रोगका कारण थलिनु परेको र रोगका विरुद्ध गर्नु परेको सङ्घर्ष एवम् भोग्नु परेका समस्या जस्ता पक्षलाई समेत प्रस्तुत गरिएको छ ।

यसरी प्रस्तुत प्रिय सुफी उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने सन्दर्भमा यस मुख्य अध्ययन क्षेत्र भाषिक चयन, विचलन र समानान्तरता जस्ता पक्ष पर्ने भएकाले यी उल्लिखित पक्षहरूको विश्लेषण गरिएको छ । यसमा कथानकको विश्लेषण गर्ने आधार, शैलीवैज्ञानिक आधारमा पात्रहरूको वर्गीकरण गरी सोही बमोजिम विश्लेषण गरिएको छ । यस अन्तर्गत शैलीवैज्ञानिक अध्ययनका सैद्धान्तिक आधारहरूको उल्लेख गरिएको छ । यस अध्ययनमा प्रमुख विधिका रूपमा प्रस्तकालयीय विधिको प्रयोग गरी वर्णनात्मक ढाँचामा व्याख्या गरिएको छ । यसमा प्राथमिक तथा द्वितीयक स्रोतको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ ।

## ५.२ निष्कर्ष

अनुसन्धानबाट नयाँ-नयाँ तथ्यहरू पत्ता लाग्ने भएका कारण यो निरन्तर रूपमा चलिरहेने प्रक्रिया हो । प्रस्तुत अध्ययन प्रिय सुफी उपन्यासको शैलीवैज्ञानिक अध्ययनमा केन्द्रित रहेको छ । शैली भन्नाले भाषा वा भाव अभिव्यक्तिको तरिका भन्ने बुझिन्छ । प्रस्तुत उपन्यासको कथानकको विश्लेषण फ्रेटागको पिरामिडका आधारमा गरिएको छ भने पात्रहरूको शैलीवैज्ञानिक आधारमा विश्लेषण तथा वर्गीकरण गरिनुका साथै उपन्यासमा उपयोग गरिएको भाषाको चयन, विचलन र समानान्तरताका आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनको निष्कर्षलाई बुदाँगत रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

- 'प्रिय सुफी' उपन्यासको बाह्य संरचनालाई हेर्दा मझौला आकारमा संरचित देखिन्छ । २०७५ सालमा प्रकाशित नवीन उपन्यास ३१७ + १४ पृष्ठमा संरचित छ ।
- 'प्रिय सुफी' उपन्यासमा प्रेममा आउन सक्ने बाधा तथा चुनौतीहरूको सामना आफैँले गर्नुपर्ने र अशक्त भएका बेला साथीहरूको सहयोग नपाए पनि जीवनमा

हार खानु हुन्न भन्ने कुरालाई प्रस्तुत गरिएको छ । जीवनमा केही गर्न नसके पनि मानिसले कोसिस गर्न कहिल्यै छाड्नु हुँदैन भन्ने सन्देश पनि दिएको छ ।

- 'प्रिय सुफी' उपन्यासको कथानक आदि, मध्य र अन्त्यको शृङ्खला मिलेका कारण फ्रेटागको पिरामिडका आधारमा विश्लेषण गरिएको छ । तसर्थ उपन्यासको कथावस्तु रैखिक ढाँचामा प्रस्तुत भएको छ ।

- यस उपन्यासमा सङ्ख्यात्मक रूपमा पात्रहरू बढी भए तापनि कथानकलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पात्रहरुको सङ्ख्या भने सीमित रहेको छ ।

- यस उपन्यासमा प्रमुख पात्रका रूपमा सदा र सुफी छन् भने सहायक पात्रका रूपमा सार्थक, भाष्कर, शकुन्तला, डा. शर्मा, डा. गुप्ता, अदिति, भरोसा, निमी, दावा, पिङ्गलादेवी, ठूलाबा, ठूलीआमा रहेका छन् । गौण पात्रको भूमिका यस उपन्यासमा कमै मात्रामा रहेको देखिन्छ ।

- प्रस्तुत 'प्रिय सुफी' उपन्यासमा भाषिक चयनअन्तर्गत तत्सम्, तद्भव, आगन्तुक र अनुकरणात्मक शब्दहरूमध्ये तुलनात्मक रूपमा तत्सम् शब्दको बाहुल्यता बढी देखिन्छ ।

- तुलनात्मक रूपमा तद्भव शब्दको प्रयोग बढी मात्रामा भएको पाइन्छ भने आगन्तुक शब्द अन्तर्गत पनि अङ्ग्रेजी भाषाका शब्द बढी मात्रामा प्रयोग भएको पाइन्छ ।

- त्यसैगरी नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, निपात, संयोजक, विस्मयादिबोधक आदि शब्दहरूको समुचित विनयासले उपन्यासको भाष आकर्षक र प्रभावकारी बन्न पुगेको देखिन्छ । तसर्थ यिनै आधरामा उक्त उपन्यासको भाषिक विश्लेषण गरिएको छ ।

- त्यसैगरी उखानटुक्काको पनि प्रसङ्गअनुकूल प्रयोगले उपन्यासको भाषा मिठासपूर्ण बन्न पुगेको देखिन्छ ।

- त्यसैगरी विचलनअन्तर्गत पनि व्याकरणिक, ध्वनि प्रक्रियात्मक, भाषिक, सादृश्यगत विचलन आदिका आधारमा 'प्रिय सुफी' उपन्यासको भाषिक विश्लेषण गरिएको छ ।

) त्यसैगरी आन्तरिक र बह्य समानात्तरताले गर्दा उपन्यासको भाषा अनुप्रासयुक्तका साथै सरल, सहज, आकर्षक र प्रभावकारी बन्न पुगेको छ ।

यसरी यस 'प्रिय सुफी' उपन्यास शैलीवैज्ञानिक आधारमा उत्कृष्ट रहेको छ ।

### ५.३ सुझाव

प्रस्तुत 'प्रिय सुफी' उपन्यासको शैलीवैज्ञानिक अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्नलिखित सुझावहरू बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

क) उपन्यासमा कथावस्तुको प्रस्तुतिगत ढाँचा एवम् शैली अझ क्रमबद्ध हुनुपर्ने,

ख) मानक नेपाली भाषाको प्रयोग गरी कृति लेख्नुपर्ने,

ग) लेखकले कृतिमा आलङ्कारिक एवम् बिम्बप्रतीकयुक्त भाषाशैलीको सट्टा सरल, सहज किसिमको भाषाशैलीको प्रयोग गर्नुपर्ने,

घ) पाठ्यक्रम निर्मार्ताहरूले पनि औपन्यासिक कृतिलाई पाठ्यक्रममा समावेश गरी सहज रूपमा पठनपाठनको व्यवस्थ मिलाउनुपर्ने,

ङ) काव्यकृति लेखक वर्गले पनि समकालीन समाजको वास्तविकता एवम् सामाजिक, आर्थिक, सांस्कृतिक आदि पक्षको प्रतिबिम्ब उतार्नुपर्ने ।

यी माथिका पक्षलाई ाध्यान दिनुका साथै त्यसतर्फ सचेत रहेर कृति लेख्दा उचित हुने देखिन्छ ।

### ५.४ उपयोगिता

शैलीविज्ञानले भाषिक विशिष्टताको खोजी गर्छ । शैली विश्लेषणको अधययनले शिक्षक विद्यार्थीलाई साहित्यिक लेखन र अन्य लेखनमा पाइने अन्तरबारे दृष्टिकोण प्राप्त हुन्छ । शैली विश्लेषणबाट पाठकवर्गहरूमा साहित्यिक र सिर्जनात्मक क्षमताको विकास गर्न भाषाको सौन्दर्य पक्ष पत्ता लगाउन र भाषिक सम्प्रेषणलाई परिपक्व बनाउन सहयोग गर्ने भएकाले पनि यसको उपयोगिता रहेको छ ।

शैलीवैज्ञानिक आधारमा 'प्रिय सुफी' उपन्यासको बारेमा जिज्ञासा राख्नेहरूका लागि र शैंवैज्ञानिक अध्ययन गर्ने अनुसन्धानकर्ताका लागि उपयोगी हुनेछ ।

### ५.४.१ नीतिगत तह

कुनै पनि अध्ययन अनुसन्धान कार्यलार्य सफल प्रभावकरी र उपयोगिमूलक बनाउन निश्चित नीति नियमको जानकारी हुन आवश्यक देखिन्छ । यस नीतिले अध्ययन गर्ने क्रममा सही बाटोमा हिडाउन, आवश्यक सामग्री उपयुक्त तवरले प्रयोग गर्न सहयोग पुऱ्याउँछ । प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि ५९८ पाठ्या)शका् प्रयोजनका लागि यस 'प्रिय सुफी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकमा शोध कार्य सम्पन्न गरिएको छ । यस शौलीवैज्ञानिक अध्ययन सम्बन्धी नीतिगत उपयोगतालाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

१) यस अध्ययनले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा महत्वपूर्ण सहयोग पुऱ्याउन सक्ने देखिन्छ ।

२) यस अध्ययनले शैली विश्लेषणसँग सम्वन्धित पाठ्यपुस्तक लेखनमा सहयोग गर्न सक्ने देखिन्छ ।

३) यस अध्ययनले शब्दकोश निर्माण कार्यमा पनि सहयोग पुऱ्याउने देखिन्छ ।

४) सहित्यिक कृति र शैलीविज्ञानसम्बन्धी निकटता थाहा पाउन पनि सहियोग गर्ने देखिन्छ ।

५) यस अध्ययनले भाषासम्बन्धी नीति निर्माण कार्यमा सहयोग गर्ने देखिन्छ ।

### ५.४.२ कार्यान्वयन तह

यस अनुसन्धानलाई निम्न तहमा कार्यान्यन गर्न सकिन्छ :

१. शैलीवैज्ञानिक अध्ययन शीर्षकमा अध्ययन गर्ने अनुसन्धानकर्ताका लागि अनुसन्धानबाट प्राप्त निष्कर्ष प्रभावकरीी रूपमा कार्यान्वयन गर्न सकिन्छि ।

२. शैलीवैज्ञानिक आधारमा कृतिमा समावेश पात्रहरूको वर्गीकरण गर्न सकिन्छ ।

३. शिक्षक विद्यार्थीको पठन, लेखन, तार्किक आदि भाषिक क्षमताको अभिवृद्धि गर्न यस अनुसन्धानको निष्कर्षले आत्मसात् गर्न सकिन्छ आदि ।

### ५.४.३ आगामी अनुसन्धानका लागि शीर्षकहरू

भविष्यका दिनहरूमा यस 'प्रिय सुफी' उपनयासमा केन्द्रित भएर निम्न शीर्षकहरूमा अध्ययन गर्न सकिन्छ :

- 'प्रिय सुफी' उपन्यासमा प्रयोग भएका चिन्हरूको अध्ययन,

- 'प्रिय सुफी' उपन्यासमा तत्सम शब्दको अध्ययन,
- 'प्रिय सुफी' उपन्यासमा क्रियापद चयनको अध्ययन,
- 'प्रिय सुफी' उपन्यासमा आगन्तुक शब्दको अध्ययन,
- 'प्रिय सुफी' उपन्यासका प्रयुक्त बिम्ब प्रतीकहरूको अध्ययन,

# सन्दर्भसूची


अधिकारी, नानीमैया (२०७१), *'मलाया एक्सप्रेस' उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०७०), ***प्रयोगात्मक नेपाली शब्दकोश,*** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार प्रा.लि. ।

ओली, राधिका (२०७१), ***'दृष्टि' उपन्यासको शैलीवैज्ञानिक अध्ययन*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कनकाई बहुमुखी क्याम्पस झापा, शिक्षाशास्त्र सङ्काय नेपाली विभाग ।

कँडेल, श्रीप्रसाद (२०६८), ***साहित्यशास्त्र नेपाली समालोचना र शोधविधि*** (दो.सं.), काठमाडौं : शुभकामना प्रकाशन ।

घिमिरे, निकेश (२०७४), 'शून्य डिग्री' ***उपन्यासको शैलीवैज्ञानिक अध्ययन,*** नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी ।

पन्थी, कविता (२०६३), 'बसाइँ' ***उपन्यासको शैलीवैज्ञानिक अध्ययन***(स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, सुबिन (२०७५), ***'प्रिय सुफी'*** *उपन्यास,* काठमाडौं : फाइन प्रिन्ट ।

भण्डारी, पारसमणि, तुलसीराम घिमिरे र शक्तिराज नेपाल (२०६८), ***प्रायोगक भाषाविज्ञानका प्रमुख आयाम,*** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि, रामनाथ ओझा र डोलराज अर्याल (२०६८), ***भाषिक अनुसन्धान विधि*** (चौं.सं.), काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

भुजेल, ममता (२०७२), 'लु' ***उपन्यासको शैलीवैज्ञानिक अध्ययन,*** नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी ।

भुर्तेल, राधिका (२०७२), 'सेतो धरती' ***उपन्यासको शैलीवैज्ञानिक अध्ययन***(अप्रकाशित स्नातकोत्तर शोधपत्र) नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी ।

राहु, कल्पना (२०७२), 'एक्काइसौं शताब्दीकी सुम्निमा'***उपन्यासको शैलीवैज्ञानिक अध्ययन*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

रेग्मी, ऋषिराज (२०७२), 'विभाजित समय' ***उपन्यासको शैलीवैज्ञानिक अध्ययन***(अप्रकाशित स्नातकोत्तर शोधपत्र) नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ ।

शर्मा, मोहनराज (२०४८), ***शैलीविज्ञान,*** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, लोकेन्द्र (२०७३), 'दमिनी भीर' ***उपन्यासको शैलीवैज्ञानिक अध्ययन***(स्नातकोत्तर शोधपत्र) नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी ।